नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

● वर्ष २ ● अंक ४४ ● २०८० साल पुष १६ गते सोमबार ● Monday 01, January 2024 ● सूर्योदय: बिहान ६:५४ बजे ● सूर्यास्त: साँझ ५:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

## सरकार र उपेन्द्र यादवप्रति प्रभु साहको कटाक्ष

### 'केन्द्र सरकार विघटन गरौँ, मधेशमा उपेन्द्रलाई बहिस्कार गरौँ'




**मधेशदृष्टि**
**वीरगंज ।**
आमजनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रमुख दलका नेताका कारण देश असफल हुँदा आर्थिक संकट गहिरिँदै गएको बताएका छन् । पर्साको पोखरियामा आइतबार आयोजित पार्टी प्रवेश एवम् कर्याकर्ता भेलामा अध्यक्ष साहले मुलुकमा आर्थिक संकट गहिरिँदै गएका कारण अरु विभिन्न समस्या देखा पर्न थालेको बताए ।
नेपाली कांग्रेस, नेकपा माओवादी, नेकपा एमालेलगायत दलका नेता सत्ताप्राप्तिको दौडमा रहेको र समृद्धि, सुशासन कायम गर्ने विषयसँगै जनताका चाहना पूरा गर्ने मुद्दामा छलफल नै नभएको साहको आरोप थियो । उनले भने, 'सत्तामा पुग्ने, सरकार बनाउने र ढाल्ने खेलमा लागेका नेताहरूले रोजगारी सृजना गर्न नसक्दा बेरोजगारी बढ्यो, भ्रष्टाचार र कुशासन मौलायो, आर्थिक संकट गहिरिँदै गयो ।'
साहले रोजगारी खोजिरहेका युवालाई सरकारले रोजगारी दिन सकिरहेको बताए । उनले ललितपुरको बालकुमारी घटनामा कटाक्ष गर्दै भने, 'रोजगारीका लागि विदेश जन्छु भन्ने युवालाई सरकारले गोली हानेर हत्या गर्ने दृश्य हामी देखिरहेका छौँ ।'
उनले नेताहरुको सत्तामोहकै कारण व्यवस्था असफल भएको बताए । समृद्ध नेपाल निर्माणका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय व्यवस्थामा जानुको विकल्प नभएको साहको तर्क छ । 'वर्तमान सरकार, दल तथा दलका मठाधीश असफल भइसकेका छन्,' साहले भने, 'त्यसैले यो सरकार विघटन गरेर अन्तरिम सरकार गठन गर्दै देशलाई निकास र विकास दिएर मुलुक समृद्ध बनाउन सकिन्छ ।'
आजपा अध्यक्ष साहले भने, 'वीरगंजसहित पुरै मधेशलाई उजाड बनाउने काम उपेन्द्र यादवले गरेका हुन्, उनलाई मधेशबाट बहिष्कार गरेर दण्डित गर्नुपर्छ ।' देशकै आर्थिक राजधानी वीरगंजसहित मधेशलाई तहसनहन गर्दै बर्बाद गरेर उजाड बनाउने काम उपेन्द्र यादवबाट भएको उनले जिकिर थियो ।
'सबैभन्दा सुगम भनिएको मधेशको मानव सूचकांक कर्णालीभन्दा पछाडि छ, वीरगंजसहित मधेशलाई बर्वाद गर्ने, उजाड बनाउने, तहसनहस गर्नेलाई अब बहिष्कार गरेर दण्डित गर्नुपर्ने बेला आइसकेको छ,' साहले भने, 'मधेशी जनता, मधेशका लागि भनेर मधेशलाई नै बर्बाद गर्ने, उजाड बनाउनेहरु मधेश सरकारमा पुगेपछि मधेशका लागि के गरे ?'
उनले कठोरसँग उपेन्द्र यादवलाई प्रहार गर्दै भने, 'जहिले शासनमा छदैँछन्, तर उनीहरुले केवल मधेशलाई बर्बाद गर्ने काममा छन्, अब भने दण्डित गर्ने बेला भएको छ, यतिकै छाड्न हुन्न, मधेशलाई गुलजार बनाउने हो भने मधेश उजाड बनाउनेलाई दण्डित गर्नैपर्छ ।'
साहले दलितका लागि आवास निर्माण, शिक्षा, स्वास्थ्य, यातायात सबै क्षेत्रमा एउटा पनि राम्रो काम गर्न नसक्नेहरु सत्तामा बसेर लुट मचाइरहेको आरोप लगाए । संघीय सरकारसहित मधेश प्रदेशको सरकार भ्रष्टाचारमा लिप्त रहेको बताउँदै उनले सुशासन, समृद्धिका लागि भ्रष्टाचारविरुद्ध सशक्त आवाज उठाउने बेला भएको बताए ।
पछिल्लो आर्थिक मुद्दाहरु लिएर मधेशमा क्रियाशील साहको पार्टीमा आवद्ध हुनेहरुको संख्या बढ्दो छ । साहले भने, 'बैंकहरुले लिने गरेको मनोमानी ब्याज फिर्ता हुनुपर्छ, लघुवित्त र सहकारीबाट लिएको सम्पूर्ण ऋण मिनाहा तथा किसानलाई सहुलियत कर्जा उपलब्ध हुनुपर्छ ।' उनले पार्टीले घोषणा गरेको माघ १० गतेको मधेश बन्द कार्यक्रम सफल बनाउन सबैलाई आह्वान गरे ।

## वीरगंजमा पर्यटक खचाखच



**मधेशदृष्टि**
**वीरगंज ।**
अंग्रेजी नयाँ वर्ष २०२४ मनाउन नेपाल आएका भारतीय पर्यटक सवार सवारी साधनका कारण वीरगंज भन्सारमा थामिनसक्नु घुइँचो लागेको छ ।
विशेष गरी भारतीय पर्यटक अंग्रेजी नयाँ वर्ष मनाउन वीरगंजसहित ठोरी, कोइलाभार रिसोर्ट, सिमरा, अमलेखगंज, हेटौंडा, सौराहासहित पोखरा आउने प्रचलन बढ्दै गएको छ । नयाँ वर्षको पूर्व सन्ध्यामा भारतबाट नेपाल भित्रिने मुख्य नाकाका रुपमा रहेको वीरगंज भन्सारमा भारतीय पर्यटक सवार सवारी साधनको थामिनसक्नु भिड बढेको हो । नयाँ वर्ष मनाउन भारतबाट समूहमा सवारी साधनसहित आउने क्रम जारी छ । वीरगंजसहित यस क्षेत्रका होटल, रेष्टुरेन्ट, रिसोर्ट भारतीय पर्यटकले भरिभराउ भएका छन् । पर्सागढीमा रहेको इन्दु जंगल रिसोर्टमा आन्तरिक तथा भारतीय पर्यटकका कारण सबै कोठा बुक भइसकेको र नयाँ वर्ष मनाउन आउने पर्यटकलाई कोठा छैन भनेर फिर्ता पठाउँदा नरमाइलो लागेको रिसोर्टका सञ्चालक मणिन्द्रलाल नेपालीले बताए । त्यसैगरी पर्साका ग्रामीण क्षेत्रमा रहेका होमस्टेमा समेत आन्तरिक तथा बाह्य पर्यटक भरिभराउ भएपछि ग्रामिण क्षेत्रका बासिन्दासमेत खुशी भएका छन् । पर्साको ठोरी, चितवनको माडीका पर्यटकीय गाउँमा कृषिसँगै पर्यटनलाई जोड दिँदै होमस्टे सञ्चालनमा आएको छ । पर्यटकको स्वागत सत्कार गरेर स्थानीयले मनग्गे आम्दानी गर्ने गरेका छन् । दैनिक पर्यटकको चहलपहल हुने ठोरी र माडीका गाउँमा अंग्रेजी नयाँ वर्षका अवसरमा थप पर्यटक आएका हुन् । पर्यटकको आगमनसँगै माहोल रमाइलो भएको स्थानीय शिक्षक रामप्रसाद भण्डारीले बताए ।

## रक्सौलमा नेपाली व्यापारीहरुलाई स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली उद्योगी, व्यवसायीलाई रेल सञ्चालनको अवसरमा स्वागत गरेका छन् । भारतकै पहिलो अमृत भारत रेल सीमावर्ती शहर रक्सौलसम्म सेवा विस्तार क्रममा त्यहाँ पुगेका नेपाली टोलीलाई भारतीय प्रधानमन्त्री मोदीले स्वागत गरेका हुन् । भारतको पश्चिम चम्पारणका सांसद डा. संजय जयसवालसँगै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोध कुमार गुप्ता, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल, सचिव प्रेमचन्द्र गोयल, पूर्व अध्यक्ष गोपाल केडियालगायतको टोलीलाई भारतीय प्रधानमन्त्री मोदीले स्वागतसँगै बिदाई गरेका हुन् । समारोहमा वन्दे भारत र नमो भारतपछि अर्को अत्याधुनिक रेल सुरुवात गर्न सफल भएकोमा मोदीले खुशी व्यक्त गरेका थिए ।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हरियो झण्डा देखाएर अयोध्याबाट बिदाई गरेको रेल रक्सौलमा आइपुगेको हो । प्रधानमन्त्री मोदी नेतृत्वको सरकारले सीमा क्षेत्रका जनताका लागि अमृत भारत रेल सञ्चालन गरेर ऐतिहासिक कार्य गरेको पश्चिम चम्पारणका सांसद डा. जयसवालले बताए ।
जयसवालसँगै वीरगंजका उद्योगी व्यवसायीलाई रक्सौलमा उत्रिने बित्तिकै भव्य स्वागत गरिएको थियो । रक्सौलमा पनि स्टेसन भएकाले वीरगंजसहित नेपाली नागरिकलाई सहज भएको



विद्यायक प्रमोद सिन्हाले बताए । २२ वटा डब्बा भएको अमृत भारत रेल दरभंगाबाट बिहार, आनन्द बिहार हुँदै पुन दरभंगा जानेछ । रेल १ सय ३० किलोमिटर प्रतिघण्टाको गतिमा चल्नेछ । रेल विशेष गरी श्रमिक तथा सर्वसाधारणका लागि मध्यनजर गर्दै सञ्चालनमा ल्याइएको हो ।

## सिफारिसको घुस लिने भ्रष्टाचारी ठहर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा, नगराइन नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष वुलन यादव र वडा सचिव अमृत नारायण मिश्र भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । सडक निर्माण कार्य सम्पन्न पश्चात भुक्तानीको लागि पूर्वाधार विकास कार्यालय, धनुषालाई सिफारिस गर्दा सेवाग्राहीसँग उनीहरुले ७० हजार रुपैयाँ घुस लिएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जेठमा उनीहरूलाई घुससहित रंगेहात पक्राउ गरेको थियो । विशेष अदालतले शुक्रबार दुवैलाई दोषी ठहर गरेको हो । ७० हजार रुपैयाँ घुसको मुद्दामा चार देखि ६ महिनासम्म कैद सजाय हुने कानुनी प्रावधान छ ।

## कांग्रेसको ११ निर्णय

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले ११ निर्णय गरेको छ । पुस १२ देखि १४ गतेसम्म बसेको बैठकले समसामयिक विषय, राष्ट्रियसभा निर्वाचन, महासमिति बैठक र मन्त्रीको कामको समीक्षासहित निर्णय लिएको हो । बैठकमा सहकारी समस्या, संघीयता कार्यान्वयन, समुदायमा कांग्रेस, भ्रातृ संस्थाको म्याद थप, संयन्त्र गठन, मेलमिलाप दिवस र जाजरकोट भूकम्पबारे पनि निर्णय भएको प्रचार विभाग प्रमुख मिन विश्वकर्माले बताए ।
कांग्रेसले आसन्न राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गरेर जाने निर्णय गरेको छ । पार्टी कार्यालय सानेपामा शनिबार सम्पन्न केन्द्रीय समिति बैठकले राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गर्ने निर्णय गरेको हो । कांग्रेसले ललितपुरको बालकुमारी घटनामा उच्चस्तरीय छानबिन समिति गठन माग गरेको छ । कांग्रेसले आन्दोलनमा ज्यान गुमाएका परिवारका कम्तीमा एकजना सदस्यलाई स्वदेशमै उचित रोजगारी प्रदान गर्न माग गरेको छ ।
बैठकले भ्रातृ संस्थाको तदर्थ समितिलाई ६ महिना समय अवधि थपेको छ । कांग्रेसले संघीयतासँग सम्बन्धित कानुन तत्काल निर्माण गर्न सरकारसँग माग गरेको छ । बैठकले संघीयताको कार्यान्वयन र जनताको मौलिक हक कार्यान्वयनका लागि संघीयतासँग सम्बन्धित संघीय निजामती सेवा ऐन, संघीय प्रहरी ऐन, विद्यालय शिक्षा ऐन तत्काल पारित गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

कमला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माचि भिठकहिया, धनुषा

# बालकुमारी घटनाः उच्चस्तरीय आयोग बनाउने सहमति



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले ललितपुरको बालकुमारीमा शुक्रबार घटेको घटनाको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्ने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आयोग गठनका लागि उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई निर्देशन दिएका छन् । गृहमन्त्रालयले सोसम्बन्धी प्रस्ताव तयार पारेर मन्त्रिपरिषद्मा पेश गर्नेछ । सोमबार बिहान बस्ने मन्त्रिपरिषद्को बैठकले आयोग गठनसम्बन्धी औपचारिक निर्णय गर्ने भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले जानकारी दिए । जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा २ बमोजिम आयोग गठन हुने उनको भनाइ छ । आयोगले सोमबारदेखि नै काम गर्ने जनाएको छ ।
ज्वालाले पूर्वन्यायाधीशको संयोजकत्वमा न्यायिक छानबिन आयोग गठन गर्ने जानकारी दिए । उनले भने, 'प्रधानमन्त्रीले आवश्यक निर्देशन दिइसक्नुभएको छ । भोलि बस्ने मन्त्रिपरिषद्को बैठकले यसबारेमा आवश्यक निर्णय गर्नेछ ।' बालकुमारी घटनामा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो । साथै मन्त्री प्रकाश ज्वाला सवार सवारी साधनमा आगजनी भएको थियो । गृहमन्त्रालयले सोही दिन नै सो घटनाको छानबिनका लागि एक समिति गठन गरिसकेको छ । सरकारले शनिबार मात्रै ललितपुरका प्रहरी प्रमुख, ललितपुरका प्रमुख जिल्ला अधिकारी र इपिएस कोरिया शाखाका प्रमुखलाई छानबिन नसकिँदासम्मका लागि निलम्बन गरिसकेको छ ।

# पूर्ण स्तनपान गराउने मधेशमा ६५ प्रतिशत

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपालमा औपचारिक शिक्षा लिएका आमाको तुलनामा नलिएका आमाहरुले बढी पूर्ण स्तनपान गराउने गरेको पाइएको छ ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य विभागको पोषण शाखाका प्रमुख लीलाविक्रम थापाले साक्षरभन्दा कम साक्षर आमाले आफ्ना बालबालिकालाई पूर्ण स्तनपान गराएको पाइएको जानकारी दिए । उनकाअनुसार कुनै पनि औपचारिक शिक्षा नभएका ५९ प्रतिशत आमाहरूले पूर्ण स्तनपान गराउँदा आधारभूत शिक्षा लिएका ६१ प्रतिशत र माध्यामिक शिक्षा लिएका ५३ प्रतिशत आमाले स्तनपान गराउने गरेका छन् । उनले पढेलेखेका आमाहरुले पूर्ण स्तनपान गराउँदा स्तनको आकार बिग्रन्छ भनेर नगराउने गरेको बताए । उनले पूर्ण स्तनपान नगराउनेमा धेरैजसो जागिर गर्ने आमा रहेको बताए । उनकाअनुसार नेपालमा ५६ प्रतिशत आमाहरुले पूर्णस्तनपान गराउने गरेका छन् । कोशी प्रदेशमा ५३ प्रतिशत, मधेश प्रदेशमा ६५ प्रतिशत, बागमति प्रदेशमा ४३ प्रतिशत, गण्डकी प्रदेशमा ६४ प्रतिशत, लुम्बिनी प्रदेशमा ३६ प्रतिशत, कर्णाली प्रदेशमा ७४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ७४ प्रतिशत आमाहरुले बच्चालाई पूर्णस्तनपान गराउने गरेका छन् । यस्तै २२ प्रतिशत आमाहरुले दूधदानीबाट बच्चालाई दुध खुवाउने गरेका छन् । यस्तै आर्थिक रूपमा उच्च आयका आमाको तुलनामा न्यून आयभएका आमाहरुले धेरै मात्रामा पूर्णस्तनपान गराउने गरेको पाइएको छ ।
शाखा प्रमुख थापाका अनुसार न्यून आय भएका ६४ प्रतिशत आमाले पूर्ण स्तनपान गराउने गरेका छन् । यस्तै उच्च आय भएका आमामध्ये ४४ प्रतिशतले मात्र र मध्यम आय भएका ६१ प्रतिशत आमाले पूर्ण स्तनपान गराउने गरेका छन् । नेपालमा कुनै न कुनै समयमा स्तनपान गराउने ९९ प्रतिशत आमा छन् ।
यस्तै जन्मेका एक घण्टाभित्र स्तनपान गराउने ५५ प्रतिशत र जन्मेको दुई दिनसम्म पूर्ण स्तनपान गराउने आमा ५९ प्रतिशत छ । तथ्याङ्कअनुसार दुई वर्षसम्म स्तनपान गराउने आमाको सङ्ख्या ९४ प्रतिशत छ । विश्वमा दुई जना नवजात शिशुमध्ये एक जना नवजात शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान गराइन्छ ।

# स्वास्थ्य बीमाः उपचार गरेबापत दश प्रतिशत तिर्नुपर्ने




**मधेशदृष्टि**
**काठमाडौँ ।**
स्वास्थ्य बीमा बोर्डले अब उपचारमा लाग्ने दश प्रतिशत रकम (सहभुक्तानी) बीमित बिरामीलाई तिराउने भएको छ । बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८० ल्याएर स्वास्थ्य सेवा उपभोग गर्दा तोकिएको सेवाका लागि लाग्ने खर्चको १० प्रतिशत रकम सेवा उपभोग गर्ने व्यक्तिले तिर्नुपर्ने बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिए । यसअघि बोर्डमा आबद्ध भएकाले कुनै रकम तिर्नु पर्दैनथ्यो । बीमितलाई एक लाख रुपैयाँ बराबरको उपचार खर्च बीमा बोर्डले व्यहोर्ने गर्दछ । उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई कम गराउन सहभुक्तानी प्रणाली लागू गरिएको बताए । 'बीमितले अनावश्यकरुपमा स्वास्थ्य परीक्षण गराउन थाले', उनले भने, 'त्यसलाई कम गरेर आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई दश प्रतिशत तिराउने निर्णय गरेका हौँ ।' उनका अनुसार सहभुक्तानी प्रणाली आगामी माघ १ गतेदेखि लागू हुनेछ ।
प्राथमिक स्वास्थ्य केन्द्र र २५ श्ययासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले दश प्रतिशत रकम तिर्न नपर्ने उनको भनाइ छ । सहभुक्तानी प्रणाली सङ्घीय अस्पताल, २५ श्ययाभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल तथा सबै निजी एवं सामुदायिक अस्पतालमा लागू हुनेछ । गरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिर्नु नपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ । बोर्डमा हालसम्म ७४ लाख बीमित भइसके पनि करिब ४७ लाख मात्र सक्रिय रहेका छन् । विसं २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुर्याउनका लागि स्वास्थ्य बीमा बोर्ड स्थापना गरिएको थियो ।

# सन् २०२३: पत्रकारको पेशागत असुरक्षा मुख्य चुनौति




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२३ सन्तोषजनक नरहेको जनाएको छ । महासङ्घद्वारा आइतबार जारी एक विज्ञप्तिमा यस वर्ष प्रेस स्वतन्त्रता हननसम्बन्धी ५८ घटना अभिलेख भएको उल्लेख छ । 'विगतका वर्ष मा जस्तै यसवर्ष पनि प्रेस स्वतन्त्रता हननका विभिन्न घटना नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा अभिलेख भएका छन् । यसवर्ष पत्रकारको पेशागत असुरक्षा मुख्य चुनौतिको विषय बनेको छ' विज्ञप्तिमा भनिएको छ ।
महासङ्घका अनुसार सन् २०२३ मा अघिल्लो वर्ष सन् २०२२ को तुलनामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटना बढेका छन् । सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ वटा घटना रेकर्ड भएका थिए । सन् २०२३ मा विभिन्न घटनामा १३ पत्रकार महिला र ७४ पुरुष पत्रकार प्रभावित भएका छन् । सन् २०२२ मा एक सय ३२ पुरुष र १८ पत्रकार महिला प्रभावित भएका थिए । त्यस्तै सन् २०२४ मा पाँच वटा सञ्चार संस्था प्रभावित बनेका छन् भने २०२२ मा छ वटा सञ्चार संस्था प्रभावित भएका थिए ।
नेपाल पत्रकार महासङ्घले सन् २०२३ मा विभिन्न सञ्चार गृहमा देखिएका श्रम समस्या अर्थात् पेशागत असुरक्षालाई मुख्य चुनौतिको रुपमा लिएको उल्लेख गरेको छ । सञ्चार प्रतिष्ठानमा देखिएका श्रम समस्यालाई महासङ्घले दबाबमूलक आन्दोलन, कानुनी लडाइँ तथा वार्ता र संवादसमेतको माध्यमबाट समाधानको पहल गरिरहेको जनएको छ । महासङ्घले सन् २०२४ मा श्रम समस्याको दीर्घकालीन समाधानका लागि कानुनी व्यवस्थालाई थप बलियो बनाएर त्यसको कार्यान्वयनका लागि पहल गर्ने प्रतिवद्धता जनाएको विज्ञप्तिमा उल्लेख छ ।
'राजनीतिक दलका नेता र सरकारका जिम्मेवार पदमा बसेका व्यक्तिबाट पटक–पटक प्रेसमाथि विभिन्न प्रकारका आरोप लगाउने, पुष्टि नहुने तर्कसहित समग्र मिडियाप्रति नै लाञ्छित गर्नेलगायतका कार्य सन् २०२३ मा भएका छन्', महासङ्घले भनेको छ, 'महासङ्घ राजनीतिक दल र सरकारका विभिन्न पदमा बसेका व्यक्तिलाई पदीय मर्यादा, विश्वव्यापी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकारप्रति प्रतिवद्ध हुन आग्रह गर्दछ ।'
सरकारले सन् २०२३ मा सञ्चारसम्बन्धी कानुन निर्माणमा सुस्तता देखाएको महासङ्घको टिप्पणी छ । महासङ्घकै संलग्नतामा मस्यौदा भएका सञ्चारसम्बन्धी कानुन यथाशीघ्र प्रक्रियामा लैजान महासङ्घले सरकारको ध्यानाकर्षण गराएको छ । सञ्चारसम्बन्धी कानुनहरू ल्याउँदा नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक तथा पूर्ण प्रेस स्वतन्त्रतालगायतका व्यवस्था ख्याल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारलाई महासङ्घले सचेत गराउँदै आएको महासङ्घले जनाएको छ ।

# हवाई सुरक्षालाई पहिलो प्राथमिकतामा राख्न आग्रह



**रासस**
**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले युरोपेली नियोगले नेपालको हवाई सुरक्षामा लगाएको कालोसूचीका सम्बन्धमा उठाइएका प्रश्नको सम्बोधन गरी त्यसको अक्षरशः पालना गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई निर्देशन दिएका छन् । मुलुकको हवाई प्रशासनलाई व्यवस्थित गर्न स्थापित सो प्राधिकरणको २५औँ वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले हवाई सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर यात्रुमैत्री वातावरण बनाइ देशको उच्च छवि कायम गर्न आग्रह गरे । उनले सरकार–निजी क्षेत्रको साझेदारीमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बन्ने जानकारी दिँदै सरकारको पर्यटन प्रवद्र्धन र विकासको नीति र लक्ष्यलाई ध्यानमा राखेर काम गर्न कर्मचारीलाई निर्देशन दिए । सो अवसरमा पर्यटन राज्यमन्त्री सुशीला श्रीपाली ठकुरीले प्राधिकरणले २५ वर्षको यात्राबाट पाठ सिक्दै हातेमालो गरेर भविष्यका योजनामा केन्द्रित हुन आग्रह गरे । मन्त्रालयका सचिव डा दीपक काफ्लेले वार्षिक नीति र कार्यक्रममलाई दृढतापूर्वक कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्ने बताए । कार्यक्रममा नेपालका प्रथम 'एयर ट्राफिक कन्ट्रोलर' नारायणबहादुर सिंहलाई मरणोपरान्त सम्मान प्रदान गरियो भने एक लाख रुपैयाँ राशिको यस वर्षको 'प्राधिकरण सेवा पुरस्कार' निर्देशक राजु श्रेष्ठलाई प्रदान गरियो । यस्तै २० हजार रुपैयाँ राशिको उत्कृष्ट कर्मचारी पुरस्कार उपनिर्देशक प्रभा शर्मा, प्रबन्धक ऋषि पौडेल, दिप्ता ढुङ्गाना पौडेल, द्वारिकाप्रसाद भट्टराई र विपिन बज्राचार्यलाई प्रदान गरियो । समारोहमा प्राधिकरणका महानिर्देशक ई. प्रदीप अधिकारीले हवाइ सुरक्षाका लागि प्राधिकरणले सक्दो प्रयास गरिरहेको जनाए ।

# १० महिला खेलाडी महिला साफ च्याम्पियनसिपमा



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीबाट १० जना महिला खेलाडीले अण्डर १९ महिला साफ च्याम्पियन सिप २०२४ खेल्ने भएका छन् । सर्लाहीबाट पहिलो चरणमा छनोटमा परेका महिला खेलाडीबाट प्रदेशस्तरीय छनोट गर्दा अण्डर १९ महिला साफ च्याम्पियन सिप २०२४ का लागि ६ जना र अण्डर १६ महिला साफ च्याम्पियन सिप २०२४ का लागि ४ जना गरी १० जना महिला खेलाडी छनोट भएका जिल्ला फुटबल संघ सर्लाहीका उपाध्यक्ष विभुसिंह थापाले जानकारी दिए ।
उनका अनुसार अण्डर १९ महिला साफ च्याम्पियन सिप २०२४ का लागि सर्लाहीकी सुनिता माझी, भूमि पुलामी, सुशीला सुस्लिङ, टिकामाया थापा मगर, दिया लामा र स्मृति मोक्तान छनोट भएका छन् भने अण्डर १६ महिला साफ च्याम्पियन सिप २०२४ का लागि महिमा आले, स्नेहा ब्लोन, सुशीला गोले र बिनु थिङ छनोट भएका हुन् ।
माघमा हुने अण्डर नाइन्टिन महिला साफ च्याम्पियन सिप २०२४ का लागि प्रथम चरणको छनोटमा परेका सर्लाहीका ७ जनामध्ये ६ जना प्रदेशस्तरीय छनोटमा पनि परेका छन् । जिल्ला फुटबल संघ सर्लाहीले च्याम्पियनसिपका लागि जिल्लाका विभिन्न क्षेत्रबाट प्रशिक्षणमा आएका मध्येबाट उत्कृष्ट ७ जनाको नाम जिल्लाबाट छनोट गरी प्रदेशमा पठाएकोमा अण्डरनाइन्टिन महिला साफ च्याम्पियन सिप २०२४ का लागि ६ जना पर्न सफल भएका जिल्ला फुटबल संघ सर्लाहीका उपाध्यक्ष थापाले जानकारी दिए ।
जिल्लाबाट सिफारिस हुने महिला खेलाडीमा सुनिता माझी, भूमि पुलामी, टिकामाया थापा मगर, मनिका माया वाइबा, दिया लामा, सुशीला सुस्लीङ र स्मृति मोक्तान रहेकामा मनिका माया वाइबा छनोटबाट निस्कासित भएकी छन् ।
जिल्लाको लालबन्दी, हरिवन र बागमतीलगायतका स्थानबाट प्रशिक्षणमा सहभागी भएका महिला खेलाडीमध्येबाट उत्कृष्ट ७ जनाको नाम जिल्लाबाट प्रदेशमा सिफारिस गरिएको थियो । संघका पदाधिकारी र प्रशिक्षकले खेल क्षमता र प्रदर्शनका आधारमा ७ जना महिला फुटबल खेलाडीको नाम प्रदेशमा सिफारिस गरेकामा ६ जना प्रदेशबाट पनि छनोटमा पर्न सफल भएका छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

वीरगंज महानगरपालिका
वडा नं. ५ को कार्यालय

# समाजवादी दलित मुक्ति समिति गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
सखुवाप्रसैनी गाउँपालिकामा जिल्लाका दलित अगुवाहरुको भेलाबाट नरेन्द्र हाजरा पासवानको अध्यक्षतामा २१ सदस्यीय समाजवादी दलित मुक्ति संगठन जिल्ला समिति गठन भएको छ । आइतबार एक कार्यक्रमकाबीच भेलाले उपाध्यक्षमा जगत राम, सचीव गणेश राम र सदस्यमा चन्द भूषण पासवान, शान्ति देबि रामलगायतलाई चयन गरेको छ । कार्यक्रमलाई जसपा नेपालको राजनीतिक समिति सदस्य एबम सङ्गठनका केन्द्रिय इन्चार्ज चन्देश्वर पासवानले सम्बोधन गर्दै आगामी दिनमा संगठनलाई चुस्तदुरुत बनाउन गठित समितिले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले जनता समाजवादी पार्टीकै कारण आज राजनीति र राज्यको मुल प्रवाहमा दलितहरुको सहभागीता बढेको भन्दै देश संघीयतामा गए पनि स्थानीय तहले दलितहरुको मुद्दालाई स्थानीय स्तरमा अझै सम्बोधन गर्न नसकेको बताए । कार्यक्रममा पूर्वप्रदेश सभा सदस्य चमेली देवी दास, सुरेन्द्र प्रसाद कुर्मी, केन्द्रिय सदस्य फिरोज मन्सुर, जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादव, जिल्ला सचीव तबरेज अहमद, समाजवादी दलित मुक्ति संगठनका मधेश प्रदेश अध्यक्ष रामो महरा, सखुवाप्रसैनी गाउँपालिकाका पार्टी अध्यक्ष प्रदिप जयसवाल लगायतको सहभागिता रहेको थियो ।

# हात्ती आतङ्कले खोसियो गाँस



**रासस**
**महोत्तरी ।**
जङ्गली हात्तीले घरको माथिल्लो तलाको भकारी फोरेर धान खाइदिएपछि महोत्तरीको बर्दिबास–३ पाटु बस्तीकी राधिका माझीको गाँस खोसिएको छ । खेती मजदुरी गरी वर्षभर खाना सञ्चय गरेको धान हात्तीले नष्ट गरिदिएपछि राधिकालाई अब केले गुजारा गर्ने भन्ने चिन्ता परेको छ । ‘हेर्नोस् हजुर कति आवश्यकता थाँती राखेर धान किनी थन्क्याएकी थिएँ, अब म के गरी गुजारा गर्ने होला ?’ हात्तीले घर भत्काएसँगै भकारी फोरेको घटना निरीक्षणका लागि घटनास्थल पुगेका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीसहितका जनप्रतिनिधिलाई भत्केको घर र भकारी देखाउँदै राधिकाले भनिन् ‘मै गरीबको छाप्रो चाहिँ फोर्नु परेछ ।’ शुक्रबार बिहान झिसमिसेमा हात्तीले बस्ने घर, खाने अन्न धान नोक्सान गरेपछि राधिकाको विचल्ली भएको छ । हात्तीले काठेघरको माथिल्लो तलामा राखेको भकारी घरको भित्ता लडाएर सूँडले तानेर फुटाएको हो । घरमा एक्लै बस्दै आएकी राधिका धन्न बाँचेको बताइन् । घर हल्लाएर लडाउँदा अब बाँच्दिन जस्तो लागेको उनले सुनाइन् । ‘माथिल्लो तलामा सुतेकी थिएँ, एक्कासी घर दुईतिरबाट हल्लियो, हंस नै उड्यो’ माझी शुक्रबार बिहान झिसमिसेको घटना सम्झँदै भनिन्, ‘चन्द्रमाको उज्यालोमा घरका दुवैतिर हात्ती देखेँ, गुडुल्किएर चाल मारेर बसिरहें, धन्न भकारी फोरेर धान छरेपछि हात्ती हिँडे र बचेँ ।’ घरमा एक्लै बस्दै आएकी माझीको घर भत्काएर भकारी फोर्दै हात्तीले पाँच÷छ क्विन्टल धान छरेको छ । राधिकासँगै सोही दिन एक जोडा हात्तीले पाँच सय मिटर परको प्रेमबहादुर भुजेलको घर पनि भत्काएको छ । भुजेल पनि आपूm कालको मुखबाटै जोगिएको बताए । भुजेल सुतिरहेको खाट हात्तीले लडाएको घरको पर्खालले थिचिएर भाँच्चिएको छ । परिवारसहित वनको पाखातिर दौडँदै भाग्दा केहीबेर हात्तीले लघारेको भुजेलले बताए । दुवै पीडित परिवारलाई राहत उपलब्ध गराइने नगरप्रमुख क्षत्रीले प्रतिबद्धता जनाएका छन् । इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक विजय यादवले पनि दुवै घटनाबारे जिल्ला विपद् व्यवस्थापनमा जानकारी गराई आवश्यक सहयोगको अनुरोध गरिएको बताए ।
यसअघि गत बुधबार साँझ हात्तीले गौशाला–१ रामनगर सिरानको सागरनाथ वन विकास परियोजनाको प्लटमा दाउरा बोकेर घर फर्कंदै गरेका मुन्ना शेषलाई लडाएर घाइते बनाएको थियो ।
पछिल्ला करिब दुई महिनायता महोत्तरीका वनक्षेत्र नजिकका बस्तीमा जङ्गली हात्तीको आतङ्क बढ्दो छ । वनक्षेत्रसँग जोडिएका जिल्लाका बर्दिबास र गौशाला नगरपालिका क्षेत्रमा हात्तीको आतङ्क छ । दिनभर घनाजङ्गलका झाडीमा लुक्ने र रात परेपछि हात्ती बस्ती पस्दै आएका छन् । काठेघरका भित्ता हल्लाएर लडाउने, भकारी फोरेर अन्नपात छर्ने, केराका थाम लडाउने र खेतबारीका बाली माडेर नोक्सान पुर्याउने अहिले देखिएका हात्तीका बिग्याइँ छन् । यसपालि खेतबारीको बाली क्षति गर्दै आएका हात्तीले पछिल्ला केही दिनयता घर लडाउने, मान्छेलाई आक्रमण गर्ने क्रम बढेपछि यहाँ त्रास छाएको छ । सर्वसाधारण घाँस दाउरा गर्न र गाईबस्तु चराउन पनि वन पस्न छाडेका बर्दिबास–३ पाटुकै सामाजिक कार्यकर्ता विनोद ढुङ्गेलको भनाइ छ । बस्ती पसेर बिग्याइँ गरिरहेका हात्ती धपाउन नगर प्रमुख क्षेत्रीसहित वनक्षेत्रमा एक सातादेखि खोज अभियानमा लागेका सुरक्षाकर्मीले भने हात्ती दिउँसो लुक्ने ठाउँ फेला नपरेको प्रहरी नायब उपरीक्षक यादवको भनाइ छ । यसैबीच बर्दिबास नगरपालिकाले सार्वजनिक सूचना नै जारी गरेर सघन वनक्षेत्र नपस्न, हात्ती राती बस्ती पसे निकै परबाट राँको देखाउन र घर तोडफोड गर्नलागे विस्तारै चाल मारेर सुरक्षित स्थानतर्फ भाग्न सचेत गराएको छ ।

# राजविराज इजलास बार एसोसियसनको अध्यक्षमा यादव



**मधेशदृष्टि**
**राजविराज ।**
उच्च अदालत जनकपुर राजविराज इजलास बार एसोसियसनको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा एक सय तीन मत ल्याएर हरेराम यादव अध्यक्षमा निर्वाचित भएका छन् ।
नयाँ नेतृत्वका लागि शनिबार सम्पन्न भएको निर्वाचनको मत गणना आइतबार सम्पन्न भएको हो । बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूहबाट एक सय तीन मतका साथ निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्दी गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहका उम्मेदवार बलराम सिंहले ८६ मत ल्याएर थिए । उपाध्यक्ष पदमा वृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूहबाट धर्मेन्द्र यादव एक सय दुई मत ल्याएर निर्वाचित भएका छन् । उनका निकटतम गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहका तेजनारायण चौधरीले ८८ मत पाए थिए ।
सचिवमा गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहबाट दानो कुमारी चौधरी एक सय एक मतले निर्वाचित भएकी छन् भने उनका निकटतम प्रतिद्वन्दी समीम अख्तर अली ८७ मत प्राप्त गरे थिए । कोषाध्यक्ष पदमा बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूहकै उमाशंकर देव ७३ मत ल्याएर विजयी हुँदा गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहका बालकृष्ण कार्कीले ५५ तथा स्वतन्त्र उम्मेद्वार उपेन्द्र यादवले ५८ मत पाए । सदस्यमा बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूहबाट सात जना तथा गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहबाट एक जना मात्रै विजयी भएका छन् । बृहत लोकतान्त्रिक समावेशी तथा पेशागत समूहबाट एक सय १८ मत प्राप्त गरेर दिनेश सिंह, एक सय १७ मत प्राप्त गरेर सन्तोष यादव ‘चमन’ र डा. शिवनारायण यादव, एक सय एक मत प्राप्त गरी नित्या देव यादव, ८७ मत प्राप्त गरेर रामचन्द्र मण्डल, ८६ मत प्राप्त गरेर किसुन देव ठाकुर र ८२ मत प्राप्त गरी कौशलकिशोर दत्त सदस्य पदमा निर्वाचित भएका छन् । यस्तै, गणतान्त्रिक प्रगतिशील तथा पेशागत एवं समावेशी कानुन व्यवसायी समूहबाट एक जना राजकुमार टरैत ८४ मत प्राप्त गरी सदस्य पदमा निर्वाचित भएका छन् ।

# ‘राष्ट्रिय मेलमिलापको सान्दर्भिकता अझै उस्तै छ’

**मधेशदृष्टि**
**सिरहा ।**
४८औँ राष्ट्रिय मेलमिलापको अवसरमा आइतबार सिरहाको लहानमा नेपाली कांग्रेस स्कुल अफ डेमोक्रेसी जिल्ला कार्यालय समितिले एक कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा बोल्ने वक्ताहरूले राष्ट्रको विकास र निकासको लागि अझैपनि राष्ट्रिय मेलमिलापको सान्दर्भिकता उस्तै भएको बताएका हुन् ।
कार्यक्रमका प्रमुख अतिथि रहेका लहान नगरप्रमुख महेश प्रसाद चौधरीले तत्कालीन समयमा बिपीले राष्ट्र जोगाउनको लागि राजा र कांग्रेस मिलेको सन्दर्भ उल्लेख गर्दै अहिले पनि लोकतन्त्रलाई मजबुत बनाउनको लागि सबै पक्ष एकताबद्ध हुनुपर्ने बताए । उनले भने, ‘लोकतन्त्रलाई मजबुत बनाउनको लागि कांग्रेस पार्टी मजबुत हुन आवश्यक पर्दछ । त्यसैले हामीले जनतासँग जोडिएर राम्रा काम गरि रोजगारी र विकासका काम अघि बढाउँन जरुरी छ ।’ सम्पूर्ण कांग्रेसका कार्यकर्तालाई एकताबद्ध भएर अघि बढ्न पनि उनले आह्वान गरे । त्यसैगरी राजनीतिक विश्लेषक डा. नमोनारायण झाले राष्ट्र समृद्ध भएमात्र कांग्रेसका संस्थापक नेता वीपीको राष्ट्रिय एकता र मेलमिलापको औचित्यमा हुने धारणा राखे । साथै उनले लोकतन्त्रको प्रमुख दुस्मन गरीबी र भ्रष्टाचार भएकाले सबै राजनीतिक दल, बुद्धिजीवी लगायत एकढिक्का भई देशलाई समृद्ध बनाउँन आवश्यक रहेको बताए ।




कार्यक्रममा प्राध्यापक धरणीधर अधिकारी, नेपाली कांग्रेस स्कुल अफ डेमोक्रेसी सिरहाका सभापति उद्धव हमाललगायतले वीपीले लिएको राष्ट्रिय एकता र मेलमिलापको औचित्यको बारेमा चर्चा गरेका थिए । पार्टीका संस्थापक नेता वीपी कोइराला, गणेशमान सिंहलगायतका नेताहरू लामो निर्वासन अन्त्य गरी भारतबाट स्वदेश फर्किएको दिन पुस १६ गतेलाई हरेक वर्ष ‘राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका रुपमा मनाउने गरिन्छ । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन संघर्ष गरेका बीपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेको दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक मानिन्छ । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि ‘राष्ट्रिय एकता तथा मेलमिलापबाट मात्रै सुनिश्चित हुने भन्दै ४८ वर्षअघि अवलम्बन गरेको नीति सान्दर्भिक रहेको नेताहको भनाइ छ ।

# गोल्डेन नेपाल मार्केटिङको लालबन्दीमा शाखा




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दीमा गोल्डेन नेपाल मार्केटिङ प्रा.लिको १३ औँ शाखाको रुपमा लालबन्दी शाखाको उद्घाटन गरिएको छ । लालबन्दीमा प्राकृतिक वस्तुहरुको प्रत्यक्ष बिक्रीवितरण गर्ने उद्देश्यले शाखा कार्यालय उद्घाटन गरिएको लालबन्दी शाखाका प्रमुख विनोद पौडेलले जानकारी दिए । उनका अनुसार सन् २०२१ मा बुटवल रुपन्देहीमा कार्यालय स्थापना गरेको गोल्डेन नेपाल मार्केटिङ प्रा.लिको स्थापना भएको यस कम्पनीले क्रमागत रुपमा देशैभर शाखा कार्यालयहरु स्थापना गर्ने लक्ष्य राखेको छ । स्वास्थ्य, समृद्धी र खुसी प्राप्त गर्ने राष्ट्रिय अभियान, रासायनिक मल तथा विषादी प्रयोग नगरी उत्पादन भएका खानेकुराहरु, वातावरणीय प्रदुषण र मेकानिकल(ईलेक्ट्रीकल) प्रदुषण, पेशागत व्यस्तता, तनाव र आर्थिक समस्या, खानपान र जीवनशैलीमा सुधारात्मक गतिमा लैजान आवश्यक देखिएकाले आफूहरुले गोल्डेन नेपाल मार्केटिङ प्रा.लिको स्थापना गरेको कम्पनीका संस्थापक प्रशिक्षक राम शरण थापाले बताए । अहिलेको समयमा हरेक मानिसले रोगमुक्त र तनावमुक्त शरिर बनाउने अभियानमा लागेका कारण आफ्नो कम्पनीले उत्पादन गरेका उत्पादित बस्तुहरुले त्यसलाई परिपूर्ति गर्ने कम्पनीका संस्थापक प्रशिक्षक तथा मोटिभेटर गोभिन्द श्रेष्ठले बताए ।
कम्पनी स्थापना भएको छ महिनामै पूर्वाञ्चलका लागि आधिकारीक शाखाको रुपमा लालबन्दीमा शाखा स्थापना हुँदै १३औँ शाखा विस्तार गर्न सफल हुनुमा संस्थापक सदस्यहरुका साथै आधिकारिक विक्रेताहरु नै रहेको संस्थापक सदस्य रत्नकाजी श्रेष्ठले बताए । नेपाल सरकारबाट बस्तुको प्रत्येक्ष बिक्रीवितरण गर्ने ईजाजत प्राप्त गोल्डेन नेपाल मार्केटिङ प्रा.लीमार्फत देशव्यापी अवसरको खोजिमा भौतारिरहेका सक्षम युवारुलाई स्वदेशमै उद्यमशिल बनाउन र जीविकोपार्जनका लागि प्रेरित गर्ने लक्ष्यसहित कम्पनीको स्थापना गरेर शाखा विस्तार गरिएको कम्पनीका संस्थापक प्रशिक्षक तथा तालिम व्यवस्थापक सविन खड्काले बताए । कम्पनीका संस्थापक गोभिन्द श्रेष्ठको प्रमख आतिथ्यतामा भएको उद्घाटन कार्यक्रममा सविन खड्का, विनोद पौडेल, समीर सुदेवीलगायतका गोल्डेन नेपाल मार्केटिङ प्रा.लिका संस्थापक सदस्यहरु, आधिकारिक बिक्रेताहरुका साथै उपभोक्ताहरुको सहभागिता रहेको थियो ।

# असहायलाई कम्बल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
चिसो बढेसँगै वडा प्रहरी कार्यालय विर्ताको हिरासत कक्षमा रहेका थुनुवाहरु तथा स्थानिय अन्य असहायहरुलाई कम्बल वितरण गरिएको छ । आइतबार एक कार्यक्रमकाबीच ग्रिन सिटी सामुदायिक केन्द्र आदर्शनगरले थुनुवाहरु तथा स्थानिय अन्य असहायहरुलाई कम्बल ५० थान कम्बल वितरण गरेको हो । रुंगटा वेलफेयर सोसाईटीको सहयोगमा केन्द्रले वडा प्रहरी कार्यालय विर्तामा रहेका थुनुवा तथा वीरगंजका विभिन्न स्थानमा रहेका असहाय गरीबहरुलाई ५० थान कम्बल वितरण गरिएको केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए । कार्यक्रममा केन्द्रका कोषाध्यक्ष ज्योति रुंगटा, वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरिक्षक पुष्कर बोगटी, प्रेम राम, राहुल पाठक लगायतको सहभागिता रहेको थियो ।



कुनै पनि मानिस आफ्नो कर्मद्वारा महान हुन्छ, जन्मद्वारा होइन।
–चाणक्य

## सम्पादकीय

# गर्नसक्ने १० लाखले छाडेको देश

संसार अंग्रेजी पात्रोले खाएको छ । यति मात्रै होइन, अब त अंकहरु पनि संसारभर अंग्रेजी नै चल्न थालेका छन् । यसैले नयाँ वर्ष २०२४ को क्यालेन्डर अर्थात् पात्रो आरम्भ भएको छ । यो नयाँ वर्ष आरम्भसँगै प्रदेश, देश र विश्वका प्रगति र दुर्गतिबारे समीक्षा भइरहेका छन् । नेपालमा भने नयाँ सरकार बनेको एक वर्ष पूरा भएको संयोग परेको छ । एकवर्षसम्म एउटा सरकार टिक्न पनि नसक्ने राजनीतिक वातावरणमा विस्तारै सरकारले एक वर्ष पार गर्न सक्ने राजनीतिक संस्कार बन्दै गएको छ । तर यो अवस्थासम्म आइपुग्दा देश भने ठूलो अंक गणितको मारमा परिरहेको छ कि त्यो अंक गणित गरिखाने उमेरका युवा देशमा छैनन् । उनीहरु विदेश नगएसम्म नेपालमा रहेका परिवारको रोजीरोटीमा समस्या हुने गरेकोक छ । देशको युवाशक्ति विदेश पलायन रोक्न नसकिँदा स्नातक तहका विद्यार्थीहरु भर्ना हुने क्याम्पस बन्द हुने अवस्थामा पुगेको छ । काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पछिल्लो १० महिनामा ७० लाख २३ हजार ९ सय ७ जना यात्रुले यात्रा गरेका छन् । यो काठमाडौँ भित्रने र यो विमानस्थल हुँदै बाहिरिने यात्रुको संख्या हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको सन् २०२३ को जनवरीदेखि अक्टोबरसम्मको तथ्यांक अनुसार १० महिनामा त्रिभुवन विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल प्रयोग गर्ने यात्रुको संख्या ३६ लाख ७९ हजार ६ सय ५ जना छ । आन्तरिक टर्मिनल प्रयोग गर्ने यात्रु ३३ लाख ४४ हजार ३ सय २ जना छन् । काठमाडौँबाट १९ लाख ५८ हजार ६८७ जना यात्रु विदेश उडेका छन् । विदेशबाट काठमाडौँ भित्रने यात्रु १७ लाख २० हजार ९ सय १८ छन् । बाहिरी जिल्लाबाट जहाजमा काठमाडौँ भित्रने यात्रुको संख्या १६ लाख ६८ हजार २७ जना छ । काठमाडौँबाट बाहिरी जिल्लामा जाने यात्रुको संख्या १६ लाख ७६ हजार २ सय ७५ जना छ ।

२५ हजार ६ सय ७४ अन्तर्राष्ट्रिय उडान अवतरण (फ्लाइट मुभमेन्ट) भएका छन् । १२ हजार ८ सय ३७ उडान र १२ हजार ८ सय ३७ नै अवतरण भएको तथ्यांक छ । आन्तरिकतर्फ ७८ हजार ६ सय ६३ उडान–अवतरण भएका छन् । अवतरण ३९ हजार ३ सय १९ र उडान ३९ हजार ३ सय ४४ छ ।

यो तथ्यांकले हामीलाई के भनिरहेको छ भने जति युवा बाहिर गइरहेका छन् । त्यति नै नेपाल आउने क्रम पनि छ । तर देशमा जति उडान र अवतरण भइरहेका छन् । यो हैसियत बनाउन फेरि कर्मठिला पाखुरी विदेशिनै पर्छ । काठमाडौँ आउन या त बिरामी भएर हतारमा विमान चढेर आउनु पर्ने अवस्था छ या त आर्थिक संकटमा केही हुने खानेहरुका लागि मात्र सम्भव छ । यो संख्या बढ्नुमा पनि रेमिट्यान्सकै योगदान छ । देशमा गरिखाने अवस्था नबनेकाले विदेशिने क्रमसँगै नेपालमा पनि विमान चढ्नेको हैसियतसँग उद्यम र आम्दानी जरुरी छ । त्यो आम्दानी फेरि रेमिट्यान्समै जोडिने गरेको छ । सन २०२३ मा नेपालले ११ अर्ब अमेरिकी डलर बराबरको रेमिट्यान्स भित्र्याएर दक्षिण एसियामै सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने काम गरेको छ । त्यसैको बलमा आर्थिक गतिविधिहरु भइरहेका छन् । राज्यले युवा विदेश पठाएर आएको पैसाका बलमा चलिरहेको छ भन्दा अन्यथा नहुने अवस्था छ ।


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com


# शीघ्र मुद्दा फछ्र्यौटको लयमा न्यायालय



कालिका खड्का

*सर्वोच्च अदालतमा २०८० साल पुस ८ गते आइतबारसम्मको लगत फछ्र्यौट हेर्दा जम्मा मुद्दा जिम्मेवारी सरेको २८ हजार एक सय ४१ र यस वर्ष परेको गरी पाँच हजार तीन सय ७३ गरी ३३ हजार पाँच सय १४ रहेको छ । तीमध्ये पाँच हजार तीन सय ८९ फछ्र्यौट भएको छ भने सर्वोच्च अदालतमा २८ हजार एक सय २५ मुद्दा बाँकी छ । पाँच वर्ष नाघेका जम्मा पाँच हजार पाँच सय ७० मुद्दा रहेकामा एक हजार दुई सय १३ फछ्र्यौट भई बाँकी चार हजार तीन सय ५७ मुद्दा बाँकी छन् । त्यस्तै दुई वर्ष नाघेका मुद्दा १७ हजार दुई सय १७ रहेकामा दुई हजार तीन सय तीन फछ्र्यौट भई १५ हजार १४ महिना बाँकी छ ।*

सर्वोच्च अदालतले पाँच वर्ष नाघेका मुद्दालाई चालु आर्थिक वर्षको अन्त्यसम्ममा शून्यमा पुर्याउने लक्ष्यका साथ मुद्दा फछ्र्यौटलाई तीव्रता दिएको छ। पाँच वर्ष नाघेको मुद्दाको संख्या बढ्दै गएपछि विसं २०७९ साउन १ गतेदेखि मुद्दा न्यूनीकरण गर्न 'विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना, २०७९' कार्यान्वयन ल्याएपछि मुद्दा फछ्र्यौट बढेको हो।

'अदालतमा रहेका पुराना र नयाँ मुद्दालाई समेत छिटो फछ्र्यौट गर्नका लागि अतिरिक्त समयमा काम गर्ने, समयमै इजलास बस्ने काम भइरहेको छ,' सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलले भने, 'अब दैनिक १० वटा इजलास बस्दा योजनाअनुरुप मुद्दा फछ्र्यौटमा सहयोग पुग्छ ।' सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था रहेकोमा हाल प्रधानन्यायाधीशसहित २० जना न्यायाधीश छन्।



न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुसार मुद्दाको शीघ्र फछ्र्यौट गर्न तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पुराना मुद्दालाई छिटो फछ्र्यौट गर्नका लागि न्यायाधीश तीलप्रसाद श्रेष्ठको संयोजकत्वमा एउटा समिति गठन गरेका थिए। समितिमा तत्कालीन नायव महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बार एशोसिएसनका तत्कालीन अध्यक्ष पूर्णमान शाक्य रहेको समितिले कार्ययोजना बनाई लागू गरेको थियो।

कार्ययोजनामा निर्धारित समय ११ बजे इजलास बस्ने र पूरा समय बस्ने परिपाटी अपनाउने तथा सम्बन्धित सरकारी वकिल र कानुन व्यवसायी पनि निर्धारित समयमा इजलासमा उपस्थित हुनुपर्ने उल्लेख थियो । कार्ययोजनाअनुसार अहिले पनि सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतमा काम भइरहेको छ।

कार्ययोजना लागू भएपछि मुद्दा फछ्र्यौटमा ऐतिहासिक सफलता प्राप्त भएको थियो। कार्ययोजना लागू भएपछि पाँच वर्ष नाघेका मुद्दा १२ हजार एक सय ५२ थान फछ्र्यौट भएको थियो । तत्कालीन प्रधानन्यायाधीश कार्कीको कार्यकालमा छोटो समयमा आर्थिक वर्ष २०६३–६४ देखिका मुद्दा फछ्र्यौटमा १७ वर्ष पुराना मुद्दालाई १३ वर्ष पुरानामा झार्ने काम भएको थियो।

सर्वोच्च अदालतमा पुराना मुद्दालाई छिटो फछ्र्यौट गर्ने कार्ययोजनाअनुसार सर्वोच्चदेखि उच्च र जिल्ला अदालतमा न्यायाधीश रिक्त हुँदा सोचेअनुरुप मुद्दा फछ्र्यौट हुन सकेको थिएन । अहिले सर्वोच्च, उच्च र जिल्ला अदालतमा गरेर ७७ न्यायाधीश नियुक्त भएका छन्। यो जनशक्तिले मुद्दा फछ्र्यौटमा सहयोग पुग्नेछ। पछिल्लो समय रिक्त न्यायाधीश पदमध्ये सर्वोच्च अदालतमा छ, उच्च अदालतमा छ मुख्य न्यायाधीश, उच्च अदालतका लागि २७ र जिल्ला न्यायाधीशमा ३८ जना गरी ७७ जना नयाँ न्यायाधीश नियुक्त भएका छन्।

'मुद्दा फछ्र्यौटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ,' सर्वोच्च अदालतका सहरजिस्ट्रार विमल पौडेलले भने, 'कानुनको शासनको प्रवद्र्धन तथा नागरिकको हकको संरक्षक भएको न्यायालयले सोबमोजिम प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ।'

सर्वोच्च अदालतमा २०८० साल पुस ८ गते आइतबारसम्मको लगत फछ्र्यौट हेर्दा जम्मा मुद्दा जिम्मेवारी सरेको २८ हजार एक सय ४१ र यस वर्ष परेको गरी पाँच हजार तीन सय ७३ गरी ३३ हजार पाँच सय १४ रहेको छ। तीमध्ये पाँच हजार तीन सय ८९ फछ्र्यौट भएको छ भने सर्वोच्च अदालतमा २८ हजार एक सय २५ मुद्दा बाँकी छ।

पाँच वर्ष नाघेका जम्मा पाँच हजार पाँच सय ७० मुद्दा रहेकामा एक हजार दुई सय १३ फछ्र्यौट भई बाँकी चार हजार तीन सय ५७ मुद्दा बाँकी छन्।

त्यस्तै दुई वर्ष नाघेका मुद्दा १७ हजार दुई सय १७ रहेकामा दुई हजार तीन सय तीन फछ्र्यौट भई १५ हजार १४ महिना बाँकी छ।

सर्वोच्च अदालतमा सबैभन्दा बढी पुनरावेदन पत्र १९ हजार आठ सय २३ रहेकामा एक हजार छ सय २२ फछ्र्यौट भई १८ हजार दुई सय एक बाँकी छन् । सबैभन्दा कम बन्दीप्रत्यक्षीकरणका रिट निवेदन दुई सय २५ रहेकामा एकसय ८६ फछ्र्यौट भई २९ बाँकी छन्। उच्च अदालतमा २९ हजार एक सय ४५ र जिल्ला अदालतमा एक लाख २१ हजार नौ सय ५१ थान मुद्दा बाँकी छन्। मुद्दा फछ्र्यौटलाई छिटो, पारदर्शी र निष्पक्ष बनाउने उद्देश्यले प्रधानन्यायाधीशबाट तोकिने पेसी गोला प्रक्रियाबाट तोकिने प्रणालीको विकास गरिएको थियो।

### गोला प्रक्रियाबाट पेसी निर्धारण

न्यायालयको इतिहासमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रणालीको अन्त्य गर्दै २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी निर्धारण गर्न थालिएको छ । प्रधानन्यायाधीशको चाहनाअनुसारको इजलासमा मुद्दा तोक्ने प्रवृत्तिको अन्त्य, विचौलिया, भ्रष्टाचारजस्ता विकृति घट्ने अपेक्षा गर्दै मुद्दाको पेसी तोक्दा गोला प्रक्रिया प्रारम्भ गरिएको थियो।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले न्यायालय सुधारका लागि अटोमेसन (स्वचालित प्रणाली) बाट पेसी तोक्न सुझावसहितको प्रतिवेदन दिएको थियो। सोही प्रतिवेदनअनुसार गोला प्रक्रियाबाट पेसी तोक्न थालिएको हो । सुरुमा सर्वोच्च अदालतमा गरिएको अभ्यासअनुसार अहिले उच्च र जिल्लामा पनि गोला प्रक्रियाबाट नै पेसी तोकिने व्यवस्था छ । न्यायिक सुशासनका लागि यो एउटा महत्वपूर्ण कदमका रुपमा लिइएको छ।

### स्वचालित पेसी तारेख

न्यायिक सुशासनका लागि सर्वोच्च अदालतमा र उच्च अदालतमा स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ गरिएको छ । सर्वोच्च अदालतमा गत भदौ ११ गतेदेखि प्रणाली लागू गरिएको थियो । उच्च अदालतमा यही पुस ८ गतेदेखि लागू गरिएको छ। न्यायालयले जिल्ला अदालतमा पनि यो प्रणाली लागू गर्न अध्ययन गरिरहेको जनाएको छ।

अदालतलाई पूर्णरुपमा प्रविधिमन्त्री बनाउँदा सहजरुपमा सेवाग्राहीले काम गर्न पाउने, सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढाउन लागि प्रणाली अपनाएको सहयोग गर्ने विश्वास लिइएको छ।

### 'भर्चुअल' सुनुवाइ

सर्वोच्च अदालतमा कोभिड–१९ को महामारीका समयमा देशभरबाट भर्चुअल सुनुवाइ गर्न थालियो। अहिले छ वटा उच्च अदालतमा यो प्रविधिबाट सुनुवाइ सुरु गरिएको छ। उच्च अदालत दिपायल, इलाम, जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौँडामा श्रव्यदृश्यका माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले भर्चुअल माध्यमबाट मुद्दाको सुनुवाइ गर्दा समयको बचत हुने, कम खर्चिलो हुने र आमजनतामा न्यायमा पहुँच पुग्ने उद्देश्यले उक्त सुनुवाइ प्रारम्भ अभिव्यक्ति दिएका छन्।

### मुद्दा 'डिजिटलाइजेसन' गरिँदै

देशभरका अदालतमा ३८ लाखका मुद्दाका मिसिल छन् । मुद्दालाई सम्बन्धित जिल्लाबाटै स्क्यान गरेर डिजिटलाइसेजन प्रविधिमा राख्ने काम प्रारम्भ भइसकेको छ। सूचना प्रविधिको हिसाबले सूचना प्रविधि महाशाखाको सूचना प्रविधि प्रबन्धक गौरीनाथ कोइरालाले अदालतको अभिलेखालयमा भएको मिसिल डिजिटलाइजेसन प्रक्रिया सुरु भइसकेको बताए।

'अहिले देशभरिमा जिल्ला र उच्च अदालतका करिब ९० हजार स्क्यान भइसकेको छ, जिल्ला जिल्लाबाटै अभिलेख शाखाबाट काम भइरहेको छ,' उनले भने, 'सबै जिल्ला, उच्च अदालतमा प्रारम्भ भएको छ, अब सर्वोच्चमा पनि चाँडै सुरु हुन्छ, यो प्रक्रियाबाट मुद्दाको नम्बर भएपछि जुनसुकै जिल्लाको मुद्दा जहाँबाट पनि हेर्न सकिन्छ।'

अहिले जिल्लाको मुद्दाको मिसिल उच्चले र उच्चको मुद्दा सर्वोच्चले मगाउनु र कुर्नुपर्ने अवस्था छ । यो प्रविधिबाट जहाँबाट पनि मुद्दाको मिसिल हेर्न सकिन्छ। सूचना प्रविधि शाखाले प्राविधिकरुपमा सहयोग गर्ने काम गरिरहेको छ।

### न्यायमा पहुँच विस्तारमा पहल

न्यायालयले न्यायका उपभोक्तालाई न्यायमा पहुँच पुर्याउनका लागि छुट्टै आयोग नै स्थापना गरेर काम गरिरहेको छ। सर्वोच्च अदालतमा रहेको न्यायमा पहुँच आयोगले न्यायमा पहुँच अभिवृद्धिका लागि स्थानीय तहका न्यायिक समिति र अन्य सरोकारवाला निकायको समन्वय गर्ने काम गरिहेको छ।

न्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण, अदालतका परिसरमा टेलिभिजन डिस्प्लेमार्फत अदालतबाट प्रदान गरिने सेवासम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने, सर्वोच्च अदालत परिसरमा सिभी डिस्प्लेको सुरुवात गरिएको छ । सर्वोच्च अदालतमा रहेको सूचना तथा सहायता कक्षलाई व्यवस्थित गर्ने काम भइरेको छ। साथै स्थानीय न्यायिक समितिको काम कारबाहीसम्बन्धी जानकारी पुस्तिका, २०८० तयार गरी प्रकाशन गरेको छ।

### सुधारात्मक उपायको कार्यान्वयन

महान्यायाधिवक्ता कार्यालयले अभियोजन र अनुसन्धानमा सुधार गर्न दण्डका सुधारात्मक कार्यान्वयनअन्तर्गत प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० लाई कार्यान्वयनमा ल्याएको छ । चेक बाउन्सका मुद्दा वाणिज्य र साइबर अपराधका मुद्दाहरु काठमाडौँ जिल्ला अदालतमा मात्र गरिने भएकामा अब सबै जिल्ला अदालतबाट हुने भएको छ । सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका–२०८० मा साँचो बोल्नेलाई छुट दिने व्यवस्था पनि कार्यान्वयन आएको र चाँडै फैसला गर्नेखालको व्यवस्था गरिएको छ।

'प्रोवेशन, प्यारोलसम्बन्धी कानुन, साँचो बोल्नेलाई सजायमा छुटको व्यवस्था कार्यान्वयनमा आएको छ,' नायव महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले भने, 'बैंकिङ कसुर र साइबार अपराधसम्बन्धी मुद्दा जिल्ला अदालतबाट हेरिने काम महत्वपूर्ण छ।'कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड कार्यान्वयन मार्गदर्शन, २०८० र सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका, २०८० गत वैशाख २८ गतेदेखि कार्यान्वयनमा आएको छ। त्यस्तै, बहस पैरवी तथा प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७९ कार्यान्वयनमा आएको छ । निर्देशिका २०७९ चैत २३ गतेदेखि कार्यान्वयनमा आएको हो।

न्यायिक सुशासन र सेवाग्राहीलाई न्यायमा पहुँच पु¥याउनका लागि मुद्दाको फछ्र्योटलाई तीव्रता दिनुका साथै न्यायालयलाई भ्रष्टाचार र विचौलियारहित बनाउनका लागि तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनलाई कार्यान्वयन गरेर जानुपर्नेमा नेपाल बार एशोसिएसन र सरोकारवाला निकायले जोड दिएका छन्।

# माओवादीको चार महिने 'विशेष रूपान्तरण अभियान' सकिँदै



**मधेशदृष्टि**
**वीरगंज ।**
सत्तारुढ दल नेकपा (माओवादी केन्द्र)ले शुरु गरेको जनतासँग माओवादी विशेष रूपान्तरण अभियान जनपरिचालनसहित आज (सोमबार) सकिँदैछ ।
साउनको तेस्रो साता प्रज्ञा भवन कमलादीमा बसेको केन्द्रीय समिति बैठकले तीन महिने विशेष अभियान चलाउने निर्णय गरेको थियो । सोही बैठकको निर्णयअनुसार माओवादी केन्द्रले भदौ १६ गते सातै प्रदेशका सात सय ५३ पालिका र वडामा अभियान सञ्चालन गरेको हो ।
यसअघि मंसिरको १६ गते समापन गर्ने भनिए पनि माओवादीले अभियान एक महिना थप गरेको थियो । अभियान उद्घाटन प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भर्चुअल प्रविधिमार्फत सबै पालिकामा एकसाथ गरेका थिए । माओवादी केन्द्रले अभियानको नारा 'घर–घरमा माओवादी, जनजनमा माओवादी' राखेको थियो । अभियानको क्रममा नवीकरण र विस्तारको माध्यमबाट पार्टी सदस्यता संख्या आठ लाख पुर्याउने लक्ष्य राखिएको थियो । अभियानको क्रममा कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने र जनतासँग भेटेर सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा गरेका कामहरूबारे जानकारी गराउने भनिएको थियो । अभियान समापन भएपछि माओवादीले २२ र २३ गते समग्र समीक्षा गर्ने जनाएको छ । औपचारिक रूपले अभियान समापन भए पनि मूल लक्ष्य प्राप्त नभएसम्म जारी रहने केन्द्रीय उपमहासचिव एवं सम्पर्क समन्वयका इन्चार्ज गिरिराजमणि पोखरेलले बताए । 'तीन महिने अभियान औपचारिक रूपमा सोमबार समापन भए पनि यसको मूल लक्ष्य प्राप्त भएको छैन ।' उनले भने 'पहिलो संगठनको काम, दोस्रो जनसेवा, तेस्रो उत्पादन, चौथो सामाजिक सञ्जाललाई परिचालन गर्ने दक्षता हासिल गर्ने र पाँचौँ जीवनशैली बदल्ने काम नियमित रूपमा यसमै केन्द्रित रहेर लैजानुपर्छ ।' उनकाअनुसार पालिका, जिल्ला र प्रदेशमा आ–आफ्नै अनुकूलतामा समीक्षा गर्ने कार्य सूची रहेको छ ।

# परिवार केन्द्रित होइन समाज केन्द्रित राजनीति गरौँः राना

"
'समाजलाई विखण्डनतर्फ होइन, सकारात्मक सोचका आधारमा अघि बढाउनुपर्छ । कसैलाई एकोहोरो गाली गर्ने र होच्च्याउने काम गरिन हुन्न । समाजलाई बिगारिरहेको र प्रदूषित बनाइरहेको अति राजनीतिकरणलाई अब तत्काल सच्च्याउन आवश्यक छ ।'
**सीताकुमारी राना, प्रतिनिधिसभा सदस्य**



**काठमाडौँ ।**
नेपाली कांग्रेसकी नेत्री एवं प्रतिनिधिसभा सदस्य सीताकुमारी रानाले पहिला टेलिभिजनमा देख्दै आएको संसद् र संसदीय समितिका बहस एवं छलफलमा आज आफैँ सहभागी हुने अवसर पाएकी छन् । यी छलफलमा कतिपय नवआगन्तुक सांसदले देश, जिल्ला र क्षेत्रका जल्लाबल्दा विषयवस्तु प्रखररुपमा उठान गर्न अझै नसकेको उनले महशुस गरेकी छन् । समानुपातिक निर्वाचन प्रणालीबाट सांसद भएकी रानाले संसद्मा पहिलो प्रवेश, कानुन तर्जुमा गर्ने गहन जिम्मेवारी र प्रक्रियामुखी नौलो अनुभवका कारण हुनसक्छ कतिपय केन्द्रीय जनप्रतिनिधिले समेत अझै जिल्लाका प्राथमिकता, विकास निर्माण, भौगोलिक स्थिति र समस्यालाई प्रखररुपमा राख्न नसकेको प्रतिक्रिया दिइन् । नेपाली कांग्रेसकी नेत्री रानाले संसदीय अभ्यासमा प्रवेश गरेको एक वर्ष पूरा गरिए पनि कतिपय कारणले आफ्नो उपस्थिति सोचेअनुरुप प्रभावकारी हुन सकेन कि भन्ने महशुस भएको बताइन् । उनले भनिन्, 'विधेयकलाई समृद्ध तुल्याएर गुणस्तरीय ऐन–कानुन निर्माण गर्नुपर्ने दायित्व धेरै छ । विधेयकमाथि गहन र बृहत् छलफल हुनुपर्छ । बनेका कानुन पनि कार्यान्वयनमा लैजान नसकेको महशुस गरेकी छु ।' सांसद रानाले महिला सांसद भएकैकारण बोल्ने अवसरमा विभेद नगरिए पनि कतिपय अवस्थामा परिपक्व, पुराना र माथिल्ला तहका नेतालाई सम्मान गर्नुपर्ने परिस्थितिले कम समय प्राप्त हुने गरेको घटना सुनाइन् । नेत्री रानाले जिल्लाका प्रमुख विषयवस्तु राख्ने र कानुनमा स–साना विषयमा पनि गम्भीरतापूर्वक केलाउने सम्बन्धमा कहीँ कतै आफ्नो त्यति राम्रो उपस्थिति भएन कि भन्ने लागेको सुनाइन् । एक प्रश्नमा उनले भनिन्, 'सदन जति प्रभावकारी र चलायमान हुनुपर्थ्यो यस अवधिमा त्यो नभएकै हो ।'
संसद्को महिला तथा सामाजिक मामिला समिति सदस्यसमेत रहेकी रानाले राजनीतिक परिवर्तनका प्रमुख शक्ति नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच हार्दिकता कायम गर्दै कानुन निर्माण र देश विकासमा एकाकार हुनुपर्नेमा त्यो नदेखिएकामा चिन्ता व्यक्त गरिन् । नेत्री रानाले भनिन्, 'नयाँ कानुन कार्यान्वयन र भर्खर अघि बढाइएको सङ्घीयतालाई सुदृढ तुल्याउन प्रमुख शक्तिबीच न्यूनतम साझा सहमति आवश्यक छ । नेपाललाई समृद्ध र सुखी बनाएर मात्र दलका नेताले राजनीति र सिद्धान्तको अवधारणा बनाउनुपर्छ भन्ने लाग्छ ।' नेपाली समाजलाई विखण्डन र विकृतितर्फ लैजान खोजिए कसैको पनि आदर्श र सिद्धान्त बाँकी नरहने चेतावनी दिँदै उनले देशका प्रमुख राजनीतिक शक्तिलाई संविधानका मूलभूत सिद्धान्त तथा देशको परिस्थितिलाई बुझेर एउटा निश्चित मापदण्ड बनाएर अघि बढ्न सुझाव दिइन् । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य पनि रहेकी सांसद रानाले भनिन् 'अब कति समयसम्म हामीले यस्तो द्वेषपूर्ण राजनीतिक गर्ने त ! राजनीतिकले टोल छिमेकमा विवाहलगायत कार्य गर्दा एकअर्कालाई राजनीतिले प्रभाव पारिरहेको छ । यो राजनीतिक दलभित्र मौलाएको तिक्तता र असमझदारीकै परिणाम हो ।'
आफू अघि बढ्ने सन्दर्भमा अर्काको सहीलाई सही र गलतलाई गलतै भनेर जानुपर्छ । युवापुस्तालाई विकास भनेको भौतिक मात्र नभई सकारात्मक सोचमा परिवर्तन पनि हो भनी बुझाउन जरुरीछ

- समाज विकृतितर्फ गए कुनै आदर्श बाँकी रदैन
- जनप्रतिनिधि दलको नभइ जनताको बन्नुपर्छ
- संघीयता सुदृढ पार्न राजनीतिक सहमतिको खाँचो
- अहिलेको निर्वाचन प्रणालीमा सुधारको आवश्यकता

विरोध मात्रै गर्ने प्रवृत्ति ठीक नभएको प्रतिक्रिया दिँदै उनले भनिन्, 'समाजलाई विखण्डनतर्फ होइन, सकारात्मक सोचका आधारमा अघि बढाउनुपर्छ । कसैलाई एकोहोरो गाली गर्ने र होच्च्याउने काम गरिन हुन्न ।' समाजलाई बिगारिरहेको र प्रदूषित बनाइरहेको अति राजनीतिकरणलाई अब तत्काल सच्च्याउन आवश्यक रहेको बताउँदै नेत्री रानाले निर्वाचित जनप्रतिनिधिले दलको प्रतिनिधिका रुपमा नभई सबैको साझा हुँ भन्ने भावनाले जिम्मेवारी पूरा गर्नुपर्ने बताइन् । उनले भनिन्, 'कृषि, जलस्रोत क्षेत्रको विकास र रोजगारीजस्ता विषयमा जनप्रतिनिधिले साझा धारणा बनाएर काम गरे मुलुकमा राजनीतिक स्थिरता पनि हुन्छ । अहिले जनप्रतिनिधिबीचको मतभिन्नताले कर्मचारी खटाएको स्थानमा परिचालित हुन नमानेका पक्षलाई पनि हेक्का राखिनुपर्छ ।'
नेपालको अहिलेको परिवेश हेर्ने र स्वतन्त्र मूल्याङ्कन गर्ने हो भने विकास नभएको होइन भन्दै उनले विकासलाई केबल भवन, सडक र पुल निर्माणलाई मात्र नभई समाजमा सकारात्मक सोचलाई प्रवद्र्धन गर्ने गरी सँगसँगै लैजानु पर्नेमा जोड दिइन् । नेत्री रानाले भनिन्, 'जोसुकैले गरेको भए पनि असल कामलाई प्रोत्साहन गर्न सक्नुपर्छ ।' लोकतन्त्र स्थापनापछि मुलुकमा आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षणका धेरै क्षेत्रमा प्रगति भए पनि केही व्यक्तिले समाजभित्र नकारात्मक धारणा फैलाएर समाजलाई नै भ्रमित बनाएको र मुलुकलाई अन्धकारतर्फ लैजान खोजेको कुराप्रति सबै सचेत हुन आवश्यक रहेको उनको सुझाव छ । राजनीतिक दलका नेताहरुले पनि देश विकास होइन, पार्टीको मात्र राजनीति गरिरहने हो भने आशा गरेको विकास र समृद्धिका एजेण्डा कार्यान्वयन हुन कठिन हुने धारणा राख्दै सांसद रानाले यसले देशहित र जनताको कल्याण गर्न नसक्ने विचार व्यक्त गरिन् । विद्यार्थीकालदेखिनै राजनीतिमा सक्रिय नेत्री राना विभिन्न सङ्घसंस्थामा आबद्ध भई दैलेखका दुर्गम स्थानमा महिला जागरण र सुरक्षित मातृत्वसम्बन्धी चेतना र सहयोगका कार्यक्रम सञ्चालन गर्दैआएकी छन् । समानुपातिकतर्फ आदिवासी समूहबाट निर्वाचित उनले भूकम्पपछि जाजरकोटको दुर्गम क्षेत्रमा पुगेर सोसेक नेपाल संस्थामार्फत करिब तीन करोड रुपैयाँ बराबरको खाद्यान्न, लत्ताकपडालगायत राहत सामग्री वितरण गरेको सुनाइन् । मुलुकमा लोकतन्त्र स्थापनाका लागि बलिदानीपूर्ण सङ्घर्ष र दुःख भोगेका नेताहरुले कोरेका मार्गचित्रका आधारमा मुुलुकको राजनीति यहाँसम्म आइपुगेको बताउँदै विधायक रानाले त्यस्ता नेतृत्वलाई अब समयको बदलिँदो पदचापलाई बुझेर अगाडि बढ्न सल्लाह दिइन् । बनेका कानुन कार्यान्वयन नगर्न हस्तक्षेप गरेकै कारण कानुन अभ्यासमा जान नसकेका कैयौँ उदाहरण देखिएको बताउँदै सांसद रानाले त्यसैको परिणाम वडादेखि स्थानीय तह, प्रदेश र सङ्घबीच समन्वय र कानुन कार्यान्वयनमा चुनौती खडा भएको प्रतिक्रिया दिइन् । उनले भनिन्, 'कानुन कार्यान्वयनमा पनि मेरो र तेरोको भावना देखाउने प्रवृत्तिले अनुशासन र सुशासन कायम गर्ने सवालमा अल्झन आउँछ । कानुन प्रयोग गर्न खोजिए पनि सँगसँगै अवरोध पनि भइरहेको छ । त्यसमा कर्मचारीतन्त्रबाट पनि आवश्यक सहयोग मिलेको देखिन्न ।' हालको निर्वाचन प्रणालीमा धेरै त्रुटि देखिएकाले त्यसमा केही सुधारको खाँचो औँल्याउँदै नेत्री रानाले विधायक भनेको कुलो, पँधेरो, धारो, सडक, स्वास्थ्यचौकी, बाटोघाटो बनाउने हुन् भन्ने सोचबाट जनतालाई मुक्त गराउनुपर्नेमा जोड दिइन् । उनकाअनुसार देशप्रतिको प्रेम, सद्भाव, भौगोलिक अवस्थाप्रतिको गौरव र आस्था राखेर हिँड्ने प्रयास गरिएमा नेपालको भविष्य सुन्दर छ । त्यसमा प्रत्येक व्यक्तिमा सकारात्मक सोच आवश्यक छ ।
शीर्ष नेतृत्वले टिप्पणी मात्र होइन परिवर्तनको यात्रालाई सहज तुल्याउन सहजीकरण पनि गरिदिनुपर्दछ । देश र समाजप्रति होइन, परिवार केन्द्रित राजनीति अन्त्य गरिनुपर्नेमा जोड दिँदै नेत्री रानाले सकारात्मक सोचका साथ अघि बढेमा असम्भव केही नरहेको धारणा राखिन् । एक फरक प्रसङ्गमा उनले भनिन्, 'देशमा पर्याप्त प्राकृतिक स्रोत साधन छन्, यसको अधिकतम सदुपयोग गर्नुपर्छ, जेजस्तो रोजगारी पाइन्छ स्वदेशमै बसेर देश विकासको अभियानमा सहभागी हुनुपर्छ । हामीले त्यसका लागि पहल गरिरहेका छौँ ।'

# बारूदी सुरुङ प्रतिबन्ध सन्धिमा पक्ष राष्ट्र बन्न आग्रह



**रासस**
**काठमाडौँ ।**
बारूदी सुरूङ प्रतिबन्ध सन्धी र 'क्लष्टर म्युनिशन' सन्धिमा नेपाल पक्ष राष्ट्र बन्न बारूदी सुरूङ प्रतिबन्ध अभियानले आग्रह गरेको छ ।
अभियानले आइतबार पत्रकार सम्मेलनमा आयोजना गरी हालसम्म बारूदी सुरूङ प्रतिबन्ध सन्धिमा एक सय ६४ र 'क्लष्टर म्युनिशन' सन्धिमा एक सय १२ राष्ट्रले पक्ष राष्ट्र भइसकेको जनाउँदै नेपालमा दीगो शान्तिका लागि यसको आवश्यकतामा जोड दिएको हो ।
अभियानका संयोजक पूर्णशोभा चित्रकारले मुलुकका शान्ति सम्झौतापछि पनि द्वन्द्वकालका विस्फोटक पदार्थका अवशेष रहेको र त्यसबाट मानवीय क्षति हुने क्रम नरोकिएकाले यसबाट महिला र बालबालिका बढी प्रभावित हुनुपरेको बताए ।
उनले विसं २०६८ जेठ ३१ मा 'नेपाल माइनमुक्त' घोषणा भएदेखि गत मङ्सिर ३० गतेसम्म माइन तथा विस्फोटक पदार्थमा परेर सुरक्षाकर्मी र सर्वसाधारणको गरी २१ को मृत्यु र एक सय चार घाइते भएको जनाउँदै पीडित हुनेमा ९० प्रतिशत सर्वसाधारण रहेकाले जोखिमको खतरा कायमै रहेको बताए ।
विशेषगरी रोल्पा, हुम्ला, रूकुम, कालिकोट, लमजुङ, सुर्खेत, मुस्ताङ, रुपन्देही, दैलेख, सुर्खेत, बाँके, बैतडी, कैलाली, कञ्चनपुर, दाङ, सुनसरी, सप्तरी, झापा, ताप्लेजुङ, भक्तपुर, काठमाडौँ लगायत जिल्लामा विस्फोटक पदार्थको अवशेषको खतरा रहेको संयोजक चित्रकारले जानकारी दिए । विसं २०६८ देखि २०८० सम्म एक हजार सात सय १८ विस्फोटक पदार्थ फेला परेको र सोमध्ये ३६ विस्फोटक पदार्थलाई नष्ट गरिएको तथ्याङ्क रहेको अभियानले जनाएको छ । सोहीअनुसार विसं २०७० मा तीन सय ८४, २०७४ मा चार सय ७९ र २०७९ मा दुई सय २८ विस्फोटक पदार्थ फेला पर्नुले यसबाट नागरिकलाई खतरा जारी रहेको पुष्टि गरेको संयोजक चित्रकारले बताए ।

# विपिनको रिहाइका लागि प्रयासरत छौँः परराष्ट्रमन्त्री

**रासस**
**कञ्चनपुर ।**
परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले हमासको अपहरणमा परेका कञ्चनपुरका वीपिन जोशीको सकुशल रिहाइका लागि सरकारको तर्फबाट प्रयास भइरहेको बताएका छन् । आज महेन्द्रनगरमा सामुदायिक रेडियो शुक्लाफाँटा एफएमको १७औँ वार्षिकोत्सवका अवसरमा मन्त्री साउदले सरकारले जोशीको रिहाइका लागि शाक्ति राष्ट्रहरुसँग निरन्तर पहल गरिरहेको बताए । 'इजरायल सरकारसँग पनि वीपिनको रिहाइका लागि पटक–पटक आग्रह गरेका छौँ', उनले भने, 'प्यालेस्टाइनसँग राम्रो सम्बन्ध रहेको कतारसँग म आफै गएर त्यहाँका प्रधानमन्त्री र



विदेशमन्त्रीसँग आग्रह गरेको छु ।' उनले दोस्रो युद्ध विराममा वीपिनको रिहाइ हुनेमा आश्वस्त पारे । त्यस अवसरमा वीपिनका आमाबुबाले मन्त्री साउदसँग भेट गरी वीपिनको जीवनरक्षाका लागि पहल गरिदिन आग्रह गरेका थिए । 'कतारले दोस्रो युद्ध विरामका लागि आफूहरु प्रयासरत रहेको जवाफ दिएको छ दोस्रो युद्ध विराममा वीपिन सकुशल फर्किने अपेक्षा छ' उनले भने, 'पहिलो चरणमा महिला र बालिबालिका प्राथमिकतामा परेको र अब वीपिनको रिहाइ हुनेमा आशावादी छौँ ।' उनले नेपाली विद्यार्थीले इजरायलमा ज्यान गुमाउनु परेको भन्दै दुःख व्यक्त गरे । मन्त्री साउदले अहिले छिमेकीसँगको सम्बन्ध समेत सन्तुलित रुपमा अघि बढिरहेको दाबी गरे । 'अन्तर्राष्ट्रिय सम्बन्धमा पनि अत्यन्तै कटुटता आएको जस्तो देखिन्थ्यो', मन्त्री साउदले भने, 'परराष्ट्र नीति छमेकीहरुलाई प्राथमिकता दिएर सन्तुलित रुपमा अघि बढिरहेको छ ।' मन्त्री साउदले प्रधानमन्त्रीको भारत भ्रमण भएपछि दश वर्षमा दश हजार मेगावाट विद्युत नेपालले भारतलाई बिक्री गर्ने र २५ वर्षसम्म भारतले विद्युत् खरिद गर्ने विषयमा दुई देशबीच सम्झौता भएको उनको भनाइ थियो ।



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# अण्डा र मासुको खपत कम



रासस
चितवन । नेपालमा अण्डा र कुखुराको मासुको खपत कम हुने गरेको छ । विकसित देशको तुलनामा नेपालमा कुखुराको अण्डा र मासु खपत कम हुने गरेको नेपाल कुखुरा व्यवसायी मञ्चले जनाएको छ । मञ्चका अनुसार विकसित मुलुकमा वार्षिक चार सय ३३ सम्म अण्डा खपत हुँदा नेपालमा ६१ मात्रै खपत हुने गरेको छ । चीनमा चार सय ३३, जापानमा तीन सय ९७, अमेरिकामा तीन सय २२ अण्डा वार्षिक प्रतिव्यक्ति खपत हुने गरेको छ । यस्तै क्यानडामा तीन सय दुई, बङ्गलादेशमा ८०, भारतमा ७९ र पाकिस्तानमा ७२ प्रतिव्यक्ति अण्डा खपत हुने गरेको मञ्चले जनाएको छ ।

मञ्चका अध्यक्ष रघुनाथ भट्टका अनुसार कुखुराको मासुको खपतमा समेत नेपाल निकै तल रहेको छ । विकसित मुलुकमा वार्षिक प्रतिव्यक्ति मासु ७४ दशमलव सात किलोसम्म खपत हुँदा नेपालमा सात दशमलव ५७ प्रतिशत मात्र खपत हुने गरेको छ । सेन्टभिन्सेन्ट ग्रेनाडाइन्समा ७४ दशमलव सात किलो खपत हुने गरेको छ । यस्तै इजरायलमा ६८ दशमलव नौ किलो, सामोआमा ६५ दशमलव सात किलो, ट्रिनिडाड टोवागोमा ६३ दशमलव एक किलो, एण्टीगुवा वारबुडामा ६१ दशमलव आठ किलो, अमेरिकामा ५८ दशमलव सात किलो प्रतिव्यक्ति प्रतिवर्ष कुखुराको मासु खपत हुने गरेको उनले जानकारी दिए । यस्तै सेन्ट लुसियामा ५७ दशमलव छ किलो र हङ्कङमा ५५ दशमलव पाँच किलो वार्षिकरूपमा प्रतिव्यक्ति मासु खपत हुने गरेको छ । कुखुराको अण्डा र मासुमा मानव शरीरलाई आवश्यकपर्ने पौष्टिक तत्व पर्याप्तमात्रामा पाइने भए पनि नेपालमा खपत कम हुने गरेको छ । नेपालमा दैनिक अण्डा अत्पादनको क्षमता ६० लाख वटा भए पनि हाल ३० देखि ३२ लाख मात्र उत्पादन हुँदै आएको छ । मासु उत्पादनको क्षमता दैनिक १० लाख किलो भए पनि हाल छ लाख किलोमात्रै उत्पादन हुँदै आएको भट्टले जानकारी दिए । उनकाअनुसार देशको कूल गार्हस्थ उत्पादनको तीन दशमलव पाँच प्रतिशत हिस्सा ओगटेको यस क्षेत्रमा एक खर्ब ६० अर्ब रुपैयाँ लगानी भएको अनुमान गरिएको छ । यसमा चार लाख ५० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी पाइरहेको मञ्चले जनाएको छ । यस पेसाले आयात प्रतिस्थापन गर्दै आम देशवासीलाई सबैभन्दा सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त मासु तथा अण्डा उपलब्ध गराउँदै आएको मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछानेले बताए । कुखुराको मासु र अण्डा मानव स्वास्थ्यका लागि उपयुक्त खाद्यान्न मानिन्छ । चिकित्सकले पनि रातो मासुभन्दा सेतो मासु र अण्डा खान सुझाव दिँदै आएका छन् । कुखुराको मासु र अण्डामा कुनै मिसावट नहुने, चिल्लोको मात्रा कम, प्रोटिनको मात्रा बढी हुने, पकाउन सजिलो, पचाउन सहज हुने, युरिक एसिड, मुटु रोगीका बिरामीलाई समेत उपयोगी हुने, कुनै पनि प्रकारको मिसावट हुन नसक्ने, सहजरुपमा आवश्यकताअनुसार पाउन सकिने चिकित्सक बताउँछन् । यस्तै सस्तो मूल्यमा पाउन सकिने, जुनसुकै उमेर समूहका मानिसको समेत रुचिको खानेकुरा नै कुखुराको मासु र अण्डा भएको लामिछाने बताए । मञ्चले ११औँ राष्ट्रिय पोल्ट्री दिवस, २०८० अवसरमा जारी गरेको सूचनामा कुखुराको मासु र अण्डाले कुपोषण हुनबाट बचाउन महत्वपूर्ण योगदान पुर्याउँदै आएको जनाएको छ । विसं २०१७ पुस १७ गते बाराको परवानीपुर सेन्ट्रल ह्याचरीको उद्घाटनपछि नेपालमा आधुनिक पोल्ट्रीको सुरुआत मानिँदै आएको छ । दिवसलाई मञ्चले सप्ताहव्यापीरूपमा मनाउँदै आएको छ । यसवर्ष 'कुखुराको अण्डा र मासुको परिकार, स्वस्थ जीवनको आधार' भन्ने मूल नाराका साथ विशेष गरी स्कुलमा अध्ययनरत विद्यार्थीलाई अण्डा र कुखुराको मासुको महत्वबारेमा जानकारी गराइएको छ । यस क्रममा २६ सरकारी विद्यालयका एक हजार नौ सय ४७ विद्यार्थीलाई अण्डा र मासुको महत्वबारे जानकारी गराइएको छ । यस्तै कार्यक्रमअन्तर्गत यही पुस १७ गते बिहान मञ्चको कार्यालयबाट प्रभातफेरी, भरतपुर महानगरपालिका–२ मा रक्तदान, सोही स्थानमा कुखुराको मासु र अण्डाका बारेमा जानकारी दिनका लागि एकदिने 'चिकेन एण्ड एग फुड फेष्टिवल'को आयोजना गरिएको मञ्चले जनाएको छ ।

# ब्रोकर कार्यालयमा लगानीकर्ताको भीड



रासस
नेपालगञ्ज । शेयर बजार उकालो लाग्ने सम्भावना देखिएपछि मोफसलमा रहेका ब्रोकर कार्यालयमा लगानीकर्ताको भीड बढ्न थालेको छ । ब्रोकर खाता र डिम्याट खाता खोल्न, शेयर कारोबार गर्न र शेयरका विभिन्न विषयमा जानकारी लिन उनीहरूको भीड बढेको इम्पेरियल सेक्युरिटिज कम्पनी लि (४५) ले ब्रोकर कार्यालयले जनाएको छ । विभिन्न कलेजमा अध्ययन गर्ने बाँके जिल्ला व्यवस्थापन सङ्घका विद्यार्थी, गृहिणी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, व्यवसायी तथा व्यापारीको शेयर बजारप्रति आकर्षण बढ्न थालेको हो । 'अहिले पछिल्लो समय भीडभाड बढ्दै जान थालेको छ', उक्त कार्यालयका प्रमुख उदय अधिकारीले भने । उनले शेयर बजारमा लगानी गर्न कतिपय लगानीकर्ताले शेयर कर्जा लिएर लगानी गरेको उल्लेख गर्दै विगतमा एक करोड ४५ लाख रुपैयाँ कारोबार भएको ब्रोकर कार्यालयमा पाँच करोड रुपैयाँको हाराहारीमा शेयर कारोबार भइसकेको बताए । बुलिस टाइममा प्राथमिक बजार (आइपिओ) निष्काशन हुँदा त्यसले बजारमा सकारात्मक प्रभाव पार्ने तर्क गर्दै प्रमुख अधिकारीले विगतमा आइपिओले बजारलाई प्रभावित गरेको टीप्पणी गरे । अहिले पनि प्राथमिक बजार (आइपिओ) मा लगानी गर्न सिकेर दोस्रो (सेकेण्डरी) बजारमा पनि नयाँ लगानीकर्ता प्रवेश गर्न थालेका छन् । यस क्षेत्रको सो ब्रोकर कार्यालयमा शेयर बजारमा लगानी गर्न बाँकेबाहेक, बर्दिया, सुर्खेत, जाजरकोट, रोल्पा, रुकुम, हुम्ला, जुम्ला, सल्यानलगायत जिल्लाबाट लगानीकर्ता नेपालगञ्ज आउने गरेका छन् । नेपालगञ्जका पुराना लगानीकर्ता विकास भट्टराईले बजार बुलिस हुने सम्भावना बलियो भएकाले ब्रोकर कार्यालयमा चहलपहल बढन थालेको उल्लेख गर्दै लगानीकर्तालाई बलियो कम्पनीमा लगानी गर्न आग्रह गरे । उनले शेयर बजारमा ट्रेड गर्ने ट्रेडरले प्राविधिक पक्ष हेरेर मात्रै छोटो अवधिका लागि लगानी गर्ने र त्यसबाट नाफा लिने जानकारी दिँदै बजारका लागि सबै माहोल सकारात्मक बनेको बताए । भरोसा म्यानेजमेन्ट कन्सल्टेसीका प्रमोटरसमेत रहनुभएका भट्टराईले शेयर बजार जोखिमको क्षेत्र भएकाले स्वअध्ययन गरेर मात्रै बलियो कम्पनीमा लगानी गर्नुपर्ने जानकारी दिए । लगानीकर्ता पारस तिमिल्सिनाले बजारमा अहिले पनि पर्ख र हेरको नीति भएको औँल्याउँदै सानो आकारमा लगानी बढाइएको बताए । करिब ३५ हजार शेयर कारोबार गर्ने लगानीकर्ता भएको एम्पेरियलमा २७ हजार सक्रिय शेयर कारोबार भएको बताइएको छ । यसबाहेक कालिका सेक्युरिटिज प्रालिले पनि नेपालगञ्जमा शेयर कारोबार गर्दै आएको छ ।

# एपीएफ प्रधानमन्त्री कपको फाइनलमा




मधेशदृष्टि
काठमाडौं । कोशी प्रदेशलाई हराउँदै सशस्त्र प्रहरी बलको एपीएफ क्लब प्रधानमन्त्री कप महिला टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ । आइतवार भएको पहिलो क्वालिफायरमा कोशीलाई ५२ रनले हराउँदै एपीएफ उपाधि नजिकै पुगेको हो । एपीएफले दिएको एक सय ४० रनको लक्ष्य पछ्याएको कोशीले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर ८७ रनमात्र बनाउन सक्यो । कोशीका लागि अप्सरी बेगमले सर्वाधिक ३१ रन बनाइन् । बलिङतर्फ एपीएफकी रेखा रावल, सोनु खड्का र कप्तान सीता राना मगरले समान एक विकेट लिइन् । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफले २० ओभरमा २ विकेट गुमाएर एक सय ३९ रन बनायो । एपीएफका लागि इन्दु बर्माले नट आउट ५६ र सीता राना मगरले ४५ रन बनाइन् । बलिङतर्फ कोशीकी कप्तान रुबिना क्षेत्रीले १ विकेट लिइन् । पराजित भएको कोशीको फाइनल पुग्ने सम्भावना भने कायमै छ । अब कोशीले फाइनल प्रवेशका लागि कोशीले एलिमिनेटरको विजेतासँग दोस्रो क्वालिफायरमा सोमवार खेल्नेछ ।

यसैबीच, बाग्मती प्रदेशलाई हराउँदै सुदूरपश्चिम प्रदेश प्रधानमन्त्री कप महिला टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको दोस्रो क्वालिफायरमा पुगेको छ । आइतवार भएको एलिमिनेटर खेलमा खेलमा सुदूरपश्चिमले बाग्मतीलाई ९ विकेटले हरायो । बाग्मतीले दिएको एक सय रनको लक्ष्य सुदूरपश्चिमले १४ ओभर ३ बलमा १ विकेट गुमाएर भेटायो । सुदूरपश्चिमका लागि बिन्दु रावलले नट आउट ५४ रन बनाइन् । बलिङतर्फ बाग्मतीकी मनिषा उपाध्यायले १ विकेट लिइन् । यसअघि मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बाग्मती १९ ओभरमा सबै विकेट गुमाएर ९९ रन बनायो । बाग्मतीका लागि कञ्चन श्रेष्ठले ३८ रन बनाइन् । बलिङतर्फ सुदूरपश्चिमकी करिश्मा थापाले ३ विकेट लिइन् । यो जितसँगै सुदूरपश्चिम दोस्रो क्वालिफायरमा पुगेको छ । अब सुदूरपश्चिमले फाइनल प्रवेशका लागि सोमवार कोशी प्रदेशसँग खेल्नेछ ।

# 'नीति र विधिमा सञ्चालित सङ्कटमा पर्दैनन्'




रासस
काठमाडौं । सांसद कृष्णगोपाल श्रेष्ठले सहकारीको सिद्धान्त, नीति र विधिमा सञ्चालित बचत तथा ऋण सहकारी संस्था आर्थिक सङ्कटमा नपर्ने बताएका छन् । देव दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले पछिल्लो समय एकै घरका सदस्य सञ्चालक रहेका र अपारदर्शी ढङ्गबाट सञ्चालित सहकारीमा धेरै समस्या देखिएको बताए । उनले भने, 'पछिल्लो समय पारिवारिक सहकारीको कारण समस्या देखिएको हो, यस्ता सहकारीलाई राज्यले नीति र विधिभित्र ल्याउनुपर्दछ । एउटा सहकारीको समस्यालाई देखाएर सबै सहकारी उस्तै हुन् भन्ने बुझाइलाई अन्त्य गरिनुपर्छ । साधारण सदस्यको पुँजीलाई कसरी सदस्यकै हितमा परिचालन गर्न सकिन्छ भनेर देव दर्शन बचत तथा ऋण सहकारीले नमूना प्रदर्शन गरेको छ । यसबाट अन्य सहकारीले सिक्नुपर्छ ।' पूर्वमन्त्रीसमेत रहेका सांसद श्रेष्ठले अर्थतन्त्रको तीन खम्बामध्येको एक सहकारीलाई प्रवद्र्धन गर्न राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा लिमिटेडका अध्यक्ष रामनारायण घिमिरेले आव २०७९÷८० को वार्षिक प्रतिवेदन तथा लेखा प्रतिवेदन प्रस्तुत गर्दै बचतकर्तालाई समय समयमा कार्यालयमा आएर संस्थाको वित्तीय जानकारी लिन आग्रह गरे । उनले भने, 'उत्पादन क्षेत्रमा लगानी भइरहेका कारण संस्थामा जोखिम आएको छैन, आउन दिँदैनौँ । साधारण सदस्यको पुँजी, सदस्यकै हितमा परिचालन भइरहेको छ ।' चन्द्रागिरि नगरपालिकाभित्र एक सय ७० वित्तीय संस्था छन् । तीमध्ये देव दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड अब्बल मानिन्छ । कार्यक्रममा चन्द्रागिरि–६ का वडाध्यक्ष सञ्जय सिग्देलले भने, 'सहकारीले बचत कर्ता, बचतकर्तले सहकारी नचिनेका कारण सहकारी क्षेत्रमा समस्या देखियो । समस्या हटाउन सामूहिक प्रयासको खाँचो छ । आफूले बचत गरेको सहकारीले कहाँ कसरी लगानी गरिरहेको छ, यसबारेमा बचतकर्ता चनाखो हुनुपर्छ ।' समाजसेवी देवेन्द्र प्रधानले एकाध सहकारी संस्थाका सञ्चालक समितिको गलत निर्णयको दोष समग्र सहकारीले भोग्न परिरहेको उल्लेख गर्दै सहकारीले बचतकर्ताको चासोलाई समयमै सम्बोधन गर्नुपर्ने बताए । काठमाडौं बचत तथा ऋण सहकारी सङ्घ (कास्कुन)का अध्यक्ष दीपक पनेरुले सहकारीलाई भजाएर राजनीति गर्दा सहकारी क्षेत्र नै बदनाम हुन पुगेको गुनासो गरे । उनले भने, '७५ लाखभन्दा बढी सर्वसाधारण जनता आबद्ध रहेको सहकारी क्षेत्रमा निराशा आउन दिनुहुँदैन । यस क्षेत्रमा देखिएका समस्या तत्काल सम्बोधन गरिनुपर्छ ।'

# किमद्वारा 'युद्ध'को तयारी गर्न निर्देशन

एएफपी
सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले सियोलमा आणविक आक्रमणको नयाँ धम्की र प्रायद्वीपमा 'कुनै पनि बेला भड्किन सक्ने' युद्धको तयारीका लागि सैन्य शस्त्रागार निर्माण गर्न आदेश दिएर वर्षको अन्त्य गरेको उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले जनाएका छन् । नेता किमले सन् २०२४ का लागि आफ्नो देशको सैन्य, राजनीतिक र आर्थिक नीतिगत निर्णयका लागि तय गरिएको पाँच दिनको पार्टी बैठकको अन्त्यमा लामो भाषणका क्रममा संयुक्त राज्य अमेरिकाको आलोचना गरेका थिए । बैठकले आगामी वर्षमा थप तीन वटा जासुसी उपग्रह प्रक्षेपण गर्ने, मानवरहित ड्रोन निर्माण गर्ने र इलेक्ट्रोनिक युद्ध क्षमता विकास गर्ने, साथै आणविक र क्षेप्यास्त्र बललाई सुदृढ पार्ने लगायत थप सैन्य विकासको योजना घोषणा गरेको 'कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसीएनए)' ले जनाएको छ । प्योङयाङले यसै वर्ष सफलतापूर्वक टोही उपग्रह प्रक्षेपण गरी आफ्नो संविधानमा आणविक शक्तिको रूपमा आफ्नो स्थान स्थापित गरेको घोषणा गरेको छ । उत्तर कोरियाले आफ्नो शस्त्रागारमा सबैभन्दा उन्नत अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल (आईसीबीएम) को परीक्षण गरेको छ । केसीएनएका अनुसार शनिबार सम्पन्न बैठकमा किमले संयुक्त राज्य अमेरिकाले 'विभिन्न प्रकारका सैन्य खतरा' खडा गरेको आरोप लगाउनुभएको थियो र आफ्नो सेनालाई 'युद्ध प्रतिक्रियाका लागि अत्यधिक क्षमता' कायम राख्न आदेश दिएका थिए । किमले भने, 'कोरियाली प्रायद्वीपमा शत्रुहरूले हामीमाथि आक्रमण गर्न दुस्साहसी कदम चालेका कारण कुनै पनि बेला युद्ध भड्किन सक्छ भन्ने कुराको पुष्टि हो ।'

प्योङयाङलाई रोक्नका लागि वासिङ्टनले यसै महिनाको सुरुमा दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा आणविक शक्तिसम्पन्न पनडुब्बी तैनाथ गर्नुका साथै सियोल र टोकियोसँगको अभ्यासमा लामो दूरीका बमवर्षक विमान उडाएको थियो । यसअघि उत्तर कोरियाले कोरियाली प्रायद्वीपमा संयुक्त अभ्यासमा वासिङ्टनका बी–५२ बमवर्षकजस्ता रणनीतिक हतियार तैनाथ गर्नुलाई 'जानाजानी आणविक युद्ध उत्तेजक कदम' को संज्ञा दिएको थियो । किमले भने, 'हामीले सम्भावित आणविक सङ्कटको शीघ्र जवाफ दिनुपर्छ र आपतकालीन अवस्थामा आणविक शक्तिलगायत सबै भौतिक साधन र शक्ति परिचालन गरेर दक्षिण कोरियाको सम्पूर्ण भूभागलाई शान्त पार्ने तयारीलाई तीव्रता दिनुपर्छ ।' बैठकमा किमले दक्षिण कोरियासँग अब मेलमिलाप र पुनः मिलनको प्रयास नगर्ने बताउँदै सियोल र वासिङ्टनका कारण उत्पन्न 'अनियन्त्रित सङ्कटको स्थिति' रहेको बताएका थिए । प्योङयाङको जासुसी भू–उपग्रह प्रक्षेपणसँगै अन्तरकोरियाली सम्बन्ध यस वर्ष निकै बिग्रिएको छ, जसका कारण सियोलले सन् २०१८ मा भएको सैन्य सम्झौतालाई आंशिक रूपमा स्थगन गरेको छ । 'मलाई विश्वास छ कि यो एक गल्ती हो जुन हामीले अब हामीलाई 'मुख्य शत्रु' को रूपमा घोषणा गर्ने शक्तिलाई मेलमिलाप र एकीकरणका लागि समकक्षीको रूपमा सोच्नु हुँदैन' नेता किमलाई उद्धृत गर्दै केसीएनएले भनेको छ । किमले सीमापार मामिला हेर्ने विभागहरूको पुनः गठनका लागि 'आधारभूत रूपमा दिशा परिवर्तन गर्न' उपायहरू कोर्न आदेश दिए । सियोलस्थित इवा विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक लीफ इस्लेले उत्तर कोरियाको महत्वपूर्ण सैन्य क्षमतामा जोड दिइएको बताए । 'राज्य नियन्त्रित मिडियाले प्रकाशन गर्ने अधिकांश समाचार रिसाइकल प्रोपोगान्डा हो' उनले भने, प्योङयाङको आक्रामक बयानबाजीले उसको सैन्य कदम निरोधका लागि मात्र नभई आन्तरिक राजनीति र अन्तर्राष्ट्रिय दबाबका लागि पनि हो भन्ने देखाउँछ ।' प्योङयाङले गत वर्ष आफूलाई 'अपरिवर्तनीय' आणविक शक्ति घोषणा गरेको थियो र उसले आफ्नो आणविक कार्यक्रम कहिल्यै नछोड्ने बताउँदै आएको थियो । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले उत्तर कोरियाले सन् २००६ मा पहिलो पटक आणविक परीक्षण गरेदेखि नै आणविक र ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रम रोक्न आग्रह गर्दै थुप्रै प्रस्ताव पारित गरिसकेको छ ।

# मधेशमा भित्रिइरहेको छ गाँजा



मधेशदृष्टि
जनकपुरधाम । प्रहरीले मकवानपुरको हेटौंडा–१५ रातोमाटेमा ८८ केजी गाँजासहित ट्रक चालक र ट्रक नियन्त्रणमा लिएको छ । चितवनको नारायणघाटबाट सप्तरीको राजविराज आइरहेको ना८ख ७५०४ नम्बरको ट्रक कन्टेनर रोकेर चेकजाँच गर्ने क्रममा ट्रकमा गाँजा फेला परेको हो । प्रहरीले ट्रक चालक मकवानपुर, थाहा–५ फुर्केटोलका २५ वर्षीय सबिन कुमार गुरुङलाई नियन्त्रणमा लिएको छ । यस्तै, हेटौंडा उपमहानगर पालिका–१५, रातोमाटेबाट अवैध लागूऔषध गाँजा करिब १५ किलोग्रामसहित बारा, जीतपुर सिमरा उपमहानगरपालिका–२३ का ३० वर्षीय रियाज देवान पक्राउ परेका छन् । बिआर १ पिबी ३३१४ नम्बरको भारतीय सुमो जाँच गर्दा सुमोमा लुकाइ ल्याइएको गाँजा फेला परेको हो ।

# कांग्रेसद्वारा राष्ट्रिय सभामा सिफारिस



मधेशदृष्टि
जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश समितिले राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आकांक्षी उम्मेदवारको नाम सिफारिस गरेको छ ।
अनुशासन समिति संयोजक आनन्दप्रसाद ढुंगाना, सहमहामन्त्री फरमुल्लाह मन्सुर, सर्लाहीका गेन्द्र कुमार, बाराका राधेचन्द्र यादव, महोत्तरीका रामचन्द्र तिवारी, पर्साका राजेन्द्रबहादुर अमात्य र रौतहटका हृदयनारायण यादवको नाम सिफारिस गरिएको प्रदेश कृष्णकुमार यादवले बताए ।



हुलाकी सडक खण्डअन्तर्गत पर्ने सिरहा–धनुषा जोड्न कमला पुल । पुल बन्न सुरु भएको १३ वर्ष भए पनि पुल बन्न सकेको छैन ।
तस्बिरः लोकेन्द्रप्रसाद यादव

# ६ लाख नागरिकले नागरिकता पाउने अपेक्षा

*जन्मका आधारमा नागरिकता दिने व्यवस्था भएको छ । दफा ३ उपदफा २ (४) मा '२०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्' भन्ने ऐनको प्रावधानअनुसार अहिले नागरिकता वितरणको काम भइरहेको हो ।*

**टीकाराम सुनार र सुदीप राउत**
**जनकपुरधाम ।**
देश चुनावमय छ । देशलाई नीति र नेतृत्व दिने प्रतिनिधिसभा र प्रदेशसभामा प्रतिनिधि चुन्ने र चुनिने चटारो सबैलाई छ । तर जनकपुरधाम उपमहानगरपालिका–४ बतिमपुरका २१ वर्षीय अनुराज झालाई आफ्नो प्रतिनिधि छान्न नपाउने भएपछि चुनावले छोएको छैन । अन्यायका विरुद्ध बोल्ने र सामाजिक रुपान्तरणका आन्दोलनहरूमा अगाडि देखिन रुचाउने अनुराज निर्वाचनको बेला भने कहिल्यै अगाडि आउँदैनन् ।

सामाजिक रुपान्तरणका आन्दोलनमा सधैँ अगाडि देखिने गणेशमान चारनाथ नगरपालिका–३ भरतपुर, धनुषाका ईन्द्रजीत साफी पनि चुनाव आयो कि सधैँ निराश बन्छन् । धैरैले प्रश्न गर्नुहोला, सधैँ सक्रिय रहने उनी किन निर्वाचनजस्तो महाउत्सवमा पनि उत्साहित हुँदैनन् ? अरु कारणले नभई नागरिकताविहीन भएकैले यस्तो भएको हो ।'

यी भनाइहरु गतवर्ष आमनिर्वाचन हुनुभन्दा केही दिनअघि मात्रै 'जो आफ्नो प्रतिनिधि चुन्न पाउँदैनन्' समाचार शीर्षकमा लेखिएका थिए । त्यतिखेर देशका लाखौँ नागरिकताविहीनले भोग्नुपरेको पीडा, गर्नुपरेका सङ्घर्ष र असन्तुष्टिका आवाज मिडियामा यसरी नै पोखिने गर्थे । त्यस्तै समाचारका पात्र थिए ईन्द्रजीत र अनुराज पनि । तर अहिले भने उनीहरु दुवैजनाले नागरिकता पाएका छन् ।

उनीहरु मात्रै होइनन्, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको गठबन्धन सरकारले गरेको पहलकदमीका कारण आएको नागरिकता ऐन (पहिलो संशोधन) २०७९ पछि वर्षौंदेखिका नागरिकताविहीनले नागरिकता पाउने बाटो खुलेको छ ।

'नागरिकता नहुँदा हाम्रो मताधिकार मात्रै खोसिएको थिएन । सम्मानपूर्वक बाँच्न पाउने हकदेखि सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारी र नागरिकले पाउने सम्पूर्ण हकबाट वञ्चित हुनुपरेको थियो, जसको अभावमा हामीले भोग्नुपरेको दुःखको बयान गरेर साध्य छैन,' सफीले भने, 'सायद सरकार र राष्ट्रपतिज्यूले त्यो हिम्मत नगरेको भए अहिले पनि हामीहरु अनागरिक नै हुन्थ्यौँ होला । त्यसैले उहाँहरुसहित सम्मानित सर्वोच्च अदालतका न्यायमूर्ति पनि धन्यवादको पात्र हुनुहुन्छ ।'

वर्तमान सरकार निर्माणको जगका रुपमा रहेको संसदीय निर्वाचनमा मत हाल्न नपाएका अनुराग झासँग पनि अहिले नेपालको नागरिकता छ ।

नागरिकता पाएसँगै उनले वर्षौंदेखिको झमेलाबाट मुक्ति पाए । 'हामी चार पुस्तादेखि नेपालमै छौं । मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिनुभएको छ । आमाको नामबाट नागरिकता बन्दैन, बुवा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्यो । त्यसैले हामी चारजना भाइबहिनी (अ)नागरिक हुँदा रोजेको ठाउँमा पढ्न पाएनौँ । चाहेको पेशा गर्न पाएनौँ । बैंक खाता, सवारी चालक अनुमति पत्रसमेत नबन्दाको पीडा त झन् खपिनसक्नु थियो,' अनुराजले स्मरण गरे ।

राजनीतिक खिचातानीका कारण आफ्नो भविष्य धेरै पछाडि धकेलिएको बताउने उनी नागरिकता पाएसँगै भविष्य निर्माणको आशा पलाएको बताए । 'अहिलेसम्म मत हाल्न पनि पाएनौँ । त्यसको पीडा तपाईंहरुमार्फत नै चुनावको बेला पोखेको थिए । मैले नै मत नहालेको सरकारले मेरा समस्याहरु सुल्झाउन के चासो देलाजस्तो लागेको थियो । तर अहिले त्यही सरकारले मजस्ता लाखौँ नागरिकको पीडा बुझेको छ । समस्या समाधान भएकामा खुसी छु,' झाले भने ।

राजनीतिक स्वार्थ र जपअपजसको उल्झनमा परेर झन्पछि झन पेचिलो बन्दै गएको वर्षौंदेखिको नागरिकता समस्याले देशभित्रै दोस्रो दर्जाको जीवन बिताउन बाध्य नागरिकको पीडामा वर्तमान सरकारको कदमले मलहमपट्टी लगाउने काम गरेकामा राजनीतिक विश्लेषक राजेश विद्रोही सरकारलाई धन्यवाद दिन्छन् । उनी नागरिकका समस्या सुल्झाउन भनेर राजनीति गर्नेहरुकै बदनियत्का कारण नागरिकता समस्या झनै उल्झनमा परेकामा पछिल्लो सरकारले भने त्यसमा सुझबुझपूर्ण पहलकदमी लिएको बताउँछन् ।




'नागरिकताबिनाको जीवन कति पीडादायी हुन्छ भन्ने कुरा भोग्नेलाई मात्रै थाहा हुन्छ।
नागरिकताको अभावमा शिक्षा, स्वास्थ्य, रोजगारलगायत राज्यले दिने सेवा–सुविधाबाट वञ्चित हुने मात्रै होइन मरे–बाँचेको लेखाजोखासमेत नहुने अवस्था कति दर्दनाक हुन्छ,' विद्रोहीले भने, 'नागरिकता ऐन ल्याउने कदमले केही हदसम्म राहत दिएको छ । तर नागरिकता नहुँदा रोकिएको वृत्ति विकास, अपमान र अवहेलनाको क्षतिपूर्ति जसै गरे नि पूर्ति हुन सक्दैन । यसमा सबैले प्रायश्चित गर्नुपर्छ ।'

चार पुस्तासम्म पनि राज्यको कुनै परिचय र पहिचान नभएका कतिपय स्थानीयलाई यो नागरिकता ऐनले सम्बोधन गर्न नसकेको भन्दै त्यस्ता समस्या समाधानमा पनि उपयुक्त बाटो अबलम्बन गरिनुपर्ने विद्रोहीको सुझाव छ ।

उनी भन्छन्, 'मधेशका अधिकांश मूलबासी अझै पनि नागरिकताबाट वञ्चित छन् । यसका कारण गरिबी, अशिक्षा, भूमिहीनता, सुकुम्बासी बनिरहनुपर्ने अवस्था छ । त्यही पहिचानको अभावमा बसिरहेको जमिन खोसिँदैछ । यी वास्तविक मूलबासीका समस्या सुल्झाउने प्रयास पनि जरुरी छ ।'

जेठ १२ गते बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा २०७५ देखि थन्किएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएसँगै जन्मसिद्ध र वैवाहिक अङ्गिकृत नागरिकता समस्या समाधान भएको छ । राष्ट्रपति पौडेलले लगाएको लालमोहरमा असार ७ गते सर्वोच्च अदालतले समेत लालमोहर लगाइदिएपछि अहिले देशभर जन्मसिद्ध नागरिकता पाउने क्रम धमाधम भइरहेको छ । गृहमन्त्रालयको विवरणअनुसार मङ्सिर मसान्तसम्म ७० हजार जन्मसिद्धका सन्तानले नागरिकता लिएका छन् ।

त्यसैगरी नागरिकताविहीन सङ्घर्ष समितिले हालसम्म करिब एक लाख जनाले नागरिकताप्राप्त गरेको अनुमान गरेको छ ।

**'संविधानका आठ वर्ष'**

राजनीतिक सङ्क्रमणका कारण आफ्नै देशमा पुस्तौंपुस्ता बिताएका अनागरिक बनिरहने अवस्था थियो । जबकी विसं २०७२ मा आएको गणतन्त्र नेपालको संविधानको धारा १० को उपदफा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने प्रावधान प्रष्ट थियो । तर आठ वर्षसम्म पनि यो समस्या राजनीतिक नाफाघाटाको विषय बनिरह्यो । मधेश प्रदेशका मुख्य न्यायाधीवक्ता वीरेन्द्र ठाकुर संविधानले प्रष्ट भनेको कुरालाई समेत आफूखुसी व्याख्या गर्दा गणतान्त्रिक मुलुकमा पनि लाखौँ नागरिक अनागरिक बन्ने अवस्था आएको बताए । तर ढिलै भए पनि सरकारले समस्या समाधान गर्नु सराहनीय भएको उनको भनाइ छ । उनले भने, 'जसअपजस दिनेभन्दा पनि यो समस्या समाधान हुनुपर्थ्यो भयो । अब त्यसलाई व्यावहारिकरुपमा कार्यान्वयनमा जोड दिनुपर्छ ।'

विसं २०६२–६३ को दोस्रो जनआन्दोलनपछि बनेको नेपाल नागरिकता ऐन, २०६३ को प्रावधानअनुसार त्यसताका एक लाख ९० हजार सात सय २६ जनाले जन्मसिद्ध नागरिकता पाएका थिए । तर संविधानसभा निर्वाचनपछि राजनीतिक सङ्क्रमणले लय पक्रिन नसक्दा त्यसबखत छुटेकाहरु र जन्मसिद्ध नागरिकता पाएकाहरुका पाँच लाख ८० हजारभन्दा बढी सन्तानसमेत नागरिकताविहीन हुन पुगे ।

मुख्यन्यायाधीवक्ता ठाकुर जन्मको आधारमा कसैले नागरिकता पाउने र कसैले नपाउने अवस्थाका कारण भएको विभेद्बाट तत्कालका लागि मुक्ति मिलेको बताउँछन् । उनले खुला सिमा र नेपाल भारत वैवाहिक सम्बन्धलाई देखाएर मधेश मात्रै समस्या छ भन्ने मानसिकताका कारण वर्षौंसम्म समस्यालाई बल्झाएर राखेको समेत बताए ।

'नागरिकता कानुनबाट नियमन गर्ने विश्वका जुनसुकै देशमा पनि विवाद छन् । नेपालमा पनि थियो र छ । तर एउटै कोखबाट जन्मेकामध्ये कसैले नागरिकता पाउने र कसैले नपाउने अवस्था थियो । नागरिकता ऐन संशोधनले तत्काललाई त्यो समस्याबाट मुक्ति मिलेको छ,' ठाकुरले भने, 'मधेशमा मात्रै होइन, पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मका नागरिकले राहत पाएका छन् । यसबाट मधेशले उठाउँदै आएको आवाज सम्बोधन भएको हामीले महसुस गरेका छौँ ।'

नेपालको संविधानका आधारमा भएको पहिलो निर्वाचनपछि बनेको सरकारले नागरिकता समस्या समाधानको प्रयास नगरेको होइन ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ साउन २२ गते प्रतिनिधिसभामा नेपाल नागरिकता विधेयक दर्ता गरेको थियो । तर दलहरुबीच सहमति जुट्न नसकेपछि विधेयक विचाराधीन अवस्थामा थियो । पछि ओली नेतृत्वकै मन्त्रिपरिषद्को सिफारिसमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७८ जेठ ९ गते नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश जारी गरिन् । जबकी अघिल्लो दिन जेठ ८ गते (२७ गते मध्यरात) संसद विघटन गरिएको थियो । तर सर्वोच्च अदालतले सोही जेठ २७ गते अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो ।

त्यसपछि असार २८ गते पुनस्थापित प्रतिनिधिसभा र त्यसपछिका प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले अघिल्लो सरकारले पेश गरेको विधेयक २०७९ असार २१ गते फिर्ता लिने निर्णय गर्‍यो । साउन ६ गते प्रतिनिधिसभामा छलफलपछि पारित भयो ।

साउन १२ गते राष्ट्रियसभाबाट समेत पारित भएपछि विधेयक प्रमाणीकरणका लागि २०७९ साउन १५ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई पठाइयो । तर साउन २९ गते उनले सन्देशसहित संसद्मा फिर्ता गरिदिइन् । फेरि सङ्घीय संसद्ले हुबहु पारित गरेर २०७९ भदौ २० मा प्रमाणीकरणका लागि शीतलनिवास पठाइएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था गुजारेर निस्क्रिय पारियो ।

तर २०७९ मङ्सिर ४ गतेको निर्वाचनपछि पुस १० गते प्रधानमन्त्री भएका प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्ले शीतलनिवासमा थन्किएको सोही विधेयक प्रमाणीकरणका लागि २०८० जेठ १२ गते राष्ट्रपति रामचन्द्र पौडेललाई अनुरोध गर्‍यो । राष्ट्रपतिबाट प्रमाणीकरण र सर्वोच्च अदालतका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले सोविरुद्ध परेको रिट खारेज गरिदिएसँगै जन्मसिद्ध नेपाली नागरिकका सन्तानले नागरिकता पाउने बाटो खुला भयो ।

ऐन जारी भएपछि वर्षौंदेखि अनागरिक रहेका लाखौँ व्यक्तिले त्यो दुष्चक्रबाट छुटकारा पाएका छन् । यसले ती नागरिकहरुको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार सुरक्षित गरिदिएको छ । नागरिकता ऐनमा गरिएको नयाँ व्यवस्थाअनुसार पाँच लाखभन्दा बढीले नागरिकता लिने अनुमान छ ।

**ऐन कार्यान्वयनले सुल्झाएका विषय**

नेपालमा नागरिकताको प्रमाणपत्र लिनेदिने कानुनको सुरुआत पहिलोपटक नेपाल नागरिकता ऐन, २००९ मा भएयता आवश्यक कानुन बनाएर नागरिकता जारी गर्ने गरिएको छ । अन्तिमपटक २०७२ असोज ३ गते जारी संविधानले पनि जन्मसिद्ध, वैवाहिक अङ्गीकृत र अङ्गीकृत तथा गैरआवासीय नेपालीको हकमा सङ्घीय कानुन बनाएर नागरिकता दिइने व्यवस्था गरेको छ ।

संविधान जारी भएको सात वर्षसम्म पनि नागरिकतालाई 'भोट र राष्ट्रियता' को विषय बनाउँदा सबैभन्दा बढी जन्मसिद्धका सन्तानहरुले समस्या भोग्नुपर्यो । यद्यपि अध्यादेश र संसदबाट नागरिकता कानुन बनाउने प्रयास भने नभएका होइनन् । तर ती सफल हुनसकेनन् । जसले गर्दा १६ वर्ष पुगेका जन्मसिद्ध नागरिकका सन्तान नागरिकता पाउने अधिकारबाट वञ्चित भइरहे । तर गत असार ७ गतेपछि संशोधित नागरिकता ऐनका आधारमा जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्राप्त गरिरहेका छन् ।

२०२० जेठ १७ गते राजपत्रमा प्रकाशित नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको सो ऐनले मुख्यतः निम्न विषयका समस्या समाधान गरेको छ ।

जन्मका आधारमा नागरिकता दिने व्यवस्था भएको छ । दफा ३ उपदफा २ (४) मा '२०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्' भन्ने ऐनको प्रावधानअनुसार अहिले नागरिकता वितरणको काम भइरहेको हो । गृह मन्त्रालयका अनुसार यो प्रावधानमा टेकेर मङ्सिर मसान्तसम्म करिब ७० हजार जन्मसिद्ध नागरिकता प्रदान गरिएको छ ।

गैरआवासीय नेपाली नागरिकता प्राप्तिको बाटो खुलेको छ । यस प्रावधानअनुसार मङ्सिर मसान्तसम्म आठ सय ५६ जनाले सोहीअनुसार नागरिकता लिएका गृह मन्त्रालयको तथ्याङ्क छ । अर्को प्रावधान छ आमाको नामबाट मात्र पनि नागरिकता । अहिले यो व्यवस्थाअनुसार सबैले नागरिकता पाउन भने समस्या भइरहेको नागरिकताविहीन सङ्घर्ष समितिले जनाएको छ । संयोजक सफीले भने, 'एकल अभिभावकत्वमा हुर्काएका कुमारी आमाका सन्तानलाई मात्रै आमाको नामबाट नागरिकता दिने गरिएको छ तर ऐनले भनेअनुसार अरुको हकमा अहिले पनि नागरिकता लिन समस्या नै छ । जिल्लाले गृहको आदेश पर्खिरहेको छ । यीलगायत समस्या समाधानका लागि थप पहल गर्नुपर्ने आवश्यकता छ ।'

अब नागरिकता बनाउने व्यक्तिले आमा वा बाबुको थर र ठेगाना रोज्न पाउने भएका छन् भने यसअघिसम्म बाबु वा बाजेको विवरणको आधारमा नागरिकता प्रदान हुने गरेकामा अब आमाको समेत अभिलेख राख्नुपर्ने । नेपालमा फेला परेका मातृत्व र पितृत्व ठेगान नभएका व्यक्तिले नागरिकता प्राप्त गर्ने व्यवस्थामा विधेयकले स्पष्टता कायम गरेको छ । यस आधारमा नागरिकता प्राप्त गर्न बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस पेश गर्नुपर्नेछ ।

सरकारले स्वीकार गरेको संशोधनले कुनै व्यक्तिलाई नागरिकता दिलाउन परिवारका सदस्यले कागजात र प्रमाण नदिएको अवस्थामा नागरिकता दिने अधिकारीले परिवारका सदस्यलाई सम्बन्धित कार्यालयमा उपस्थित हुन म्याद जारी गरी झिकाइ सनाखत गर्न लगाउने व्यवस्था गरेको छ । यी प्रावधानले वर्षौंदेखिका समस्या समाधान भई लाखौँ नागरिकले देशको नागरिक बन्ने सौभाग्य पाउँदैछन् । जसका लागि उनीहरुले वर्षौंदेखि सङ्घर्ष गरिरहेका छन् ।

# मलखाद बिक्रेताले मल बिक्री नगर्ने



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीका रासायनिक मलखाद बिक्रेताले रासायनिक मल बिक्री नगर्ने भएका छन । सरकारले उपलब्ध गराउँदै आएको रासायनिक मलखादमा ढुवानी, लोडअनलोड र मुनाफामा एक एक रुपैयाँ बढाएपछि सप्तरीका रासायनिक मलखाद बिक्रेताले मलखाद उठाउने देखि बिक्री बितरण बन्द गर्ने निर्णय गरेका हुन् ।
आइतबार सप्तरीका रासायनिक मलखाद बिक्रेता डिलहरूको बैठकले यस्तो निर्णय गरेको रुपनी कृषि सहकारीका अध्यक्ष तेज नारायण यादवले जानकारी दिए । उनकाअनुसार हामले स्थानीय सरकारको दर रेटमा मलखाद बेच्दै आएकोमा गत मंसिर १९ गते जिल्ला मलखाद आपूर्ति समितिले खरिद रकममा प्रति बोर एक सय रुपैयाँ मात्र लिनेगरि मूल्य कार्य गरेपछि हामीले यस्तो निर्णयमा पुगेको उनले बताए । 'हामीले रासायनिक मलखाद बिक्रेताबीच भएको निर्णय मङ्गलवार सप्तरीका प्रमुख जिल्ला अधिकारी सहित कृषि ज्ञान केन्द्र, जिल्ला समन्वय समिति ,साल्ट ट्रेडिङ कर्पोरेसन, कृषि सामग्री कम्पनी लिमिटेडले संहितलाई जानकारी दिने सो पछि पनि कार्यान्वयन नभए मलखादको बिल नकटाउने निर्णय गरेको छौं' यादव भने । मलखादको जिल्लामा अभाव हुन नदिन सबैले पहल गर्नुको सट्टा खरिद मूल्यमा मात्र बिचार गरि ढुवानीमा वैज्ञानिक पद्धति न अपनाउदा आफूहरुले बाध्य भएर मलको बिक्री रोकेको उनले बताए । हाल जिल्लामा मलखादका आधिकारिक बिक्रेता एक सय ६८ वटा रहेका छन् ।

# चिसोको कारण माछा मरेपछि !

**मधेशदृष्टि**
**वीरगंज ।**
समयमै बजार नपाउँदा चिसोको कारण बारामा १५ लाख रुपैयाँभन्दा बढीको माछा मरेका छन् । बाराको जीतपुरसिमरा उपमहानगरपालिका–८ रमौलीका रुदल सहनीले पोखरी लिजमा लिएर संचालन गरेको कृषि फर्मका करिब २४ क्विन्टल माछा २ दिनमा बढ्दै गएको चिसोको कारण मरेको पिडितले बताएका छन् ।
त्यसैगरी पर्सा जिल्लाको वीरगंज महानगरपालिकाको वडा न ३१ मा लिजमा पोखरी लिएर सहनीले सञ्चालन गरेको फर्ममा विभिन्न जातका १० क्वीन्टल माछा मरेको पिडितले बताएका छन् । दुई दिनदेखि घाम नलागेको र जाडो बढेका कारण पानीमा अक्सिजन कम भएपछि माछा मरेको हुन सक्ने अनुमान मत्स्य विशेषज्ञहरुले गरेका छन् ।

# प्रहरीले दर्ता गरेन जबर्जस्ती करणीको जाहेरी

**एसपी गौरव**
**सार्लही ।**
सर्लाही प्रहरीले जबर्जस्ती करणी आरोपको जाहेरी दर्ता नगरेको पीडित परिवारले गुनासो गरेका छन् । असारदेखि पटक–पटक जबर्जस्ती करणीको सिकार भएकी नावालिकाले जबर्जस्ती करणी जाहेरी लिएर ईलाका प्रहरी कार्यालय लालबन्दी जाँदा प्रहरीले कुटपिटको मिलापत्र गराएको पीडित परिवारको गुनासो छ । पुस ३ गते मंगलबार दिउँसो खाजा खान जाउँ भनी ललाई फकाई गरी लालबन्दी नगरपालिका ६ स्थित रहेको भण्डारी होटल एण्ड गेष्ट हाउसमा लगि जबर्जस्ती करणी गरि सार्वजनिक स्थलमा कुटपिट समेत गरेको आरोपमा ईलाका प्रहरी कार्यालय लालबन्दीमा जाहेरी दिन जाँदा प्रहरीले जबर्जस्ती करणीको जाहेरी नलिएको र कुटपिटमो मिलापत्र गराएको पीडित बालिकाकी आमा रीत माया लुंगेलीले गुनासो गरिन् । लालबन्दी नगरपालिका १७ रानीगंजका अन्दाजी २० वर्षीय एक युवकले आफ्नी नावालिका छोरीलाई पुस ३ गते मंगलबार दिउँसो खाजा खान जाउँ भनी ललाई फकाई गरी लालबन्दी नगरपालिका ६ स्थित रहेको भण्डारी होटल एण्ड गेष्ट हाउसमा लगि जबर्जस्ती करणी गरेका र उनले काम गर्ने स्थानीय एक फार्मेसीमा पटक–पटक कुटपिट समेत गरेको पीडित परिवारको भनाई छ ।
जबर्जस्ती करणीको जाहेरी लिएर ईलाका प्रहरी कार्यालय लालबन्दी जाँदा प्रहरीले कुटपिटको मिलापत्र गराएको र जबर्जस्ती करणीको सम्बन्धमा पिडक युवाले पीडित बालिकालाई २० वर्ष पुरा नहुँदासम्म संरक्षण दिने र त्यसपछि सामाजिक परम्परा अनुसार विवाह गर्ने भन्दै पीडित पक्षलाई दबाब दिएर सहमति गराएको पीडित बालिकाकी आमा रीताले बताईन् । आफ्नी छोरी अध्ययनका लागि लालबन्दी नगरपालिका ६ मा सानीआमा दुर्गा मगरसंग बस्दै आएकी र आफूलाई



पुस ८ गते घटनाका विषयमा जानकारी भएपछि छोरीलाई भेट्न आएको र छोरीले सो कुरा बताएपछि प्रहरीमा जबर्जस्ती करणीको जाहेरी दिन गएको भएपनि प्रहरीले जाहेरी दर्ता नगरेपछि आफू थप पीडित भएको रीताले गुनासो गरिन् । बहिनी दुर्गाले आफूलाई फोन गरेर बोलाएर छोरीले देखाएको अस्वभाविक व्यवहार सुनाएपछि छोरीलाई सोध्दा छोरी आफूमाथी भएको पटक पटकको सबै शोषण सुनाएपछि जाहेरी दिन जाँदा प्रहरीले पिडिकको आर्थिक तथा राजनीतिक दबावमा परेर जबर्जस्ती करणीको जाहेरी दर्ता नगरेको पीडित परिवारको भनाइ छ । पीडित परिवारका अनुसार बालिका माथि ती युवाले असारदेखि पटक–पटक यौन शोषण गर्दै आएको, पीडित बालिकाको विभिन्न सामाजिक सञ्जालहरुबाट चरित्र हत्या गर्ने गरेका, स्थानीय फार्मेसीमा काम गर्न जाँदा पीडित बालिकालाई पटक पटक कुटपिट गर्ने गरेको र पीडित बालिका मानसिक रुपमा विछिप्त बनाएको पीडित परिवारको भनाइ छ । पिडक युवाले पीडित बालिकालाई आफूले गरेका कामहरुको अरुलाई सुनाएमा ज्यान मार्नेसम्मको धम्की दिने गरेको उनीहरुको भनाइ छ । पुस ६ गते पीडित परिवारलाई दबाबमा पारेर ईलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरीक्षक हरिबोल केसी र लालबन्दी नगरपालिका १७ का निवर्तमान वडा अध्यक्ष नवराज अधिकारीले कुटपिटको मिलापत्र गराएका थिए ।
पीडित बालिकालाई पिडक युवकले संरक्षण गर्ने लिखित सहमती भएको र लालबन्दी नगरपालिका १७ का निवर्तमान वडा अध्यक्ष अधिकारीको रोहबरमा पिडक युवकलाई ईलाका प्रहरी कार्यालय लालबन्दी २४ घण्टापछि हिरासत मुक्त गरेको थियो । लालबन्दी नगरपालिका १७ का निवर्तमान वडा अध्यक्ष अधिकारीको रोहबरमा सो सहमती पछि छाडिएका युवा फरार भएपछि आफूहरुले न्याय नपाउने चिन्ता थपेको पीडित परिवारको गुनासो छ । पिडक युवाका बुबा नेपाल प्रहरीका भुपु हबल्दार समेत रहेका कारण उनले समेत आफूहरुलाई विभिन्न किसिमका धम्कीहरु लाउने गरेको साथै प्रहरी कार्यालयबाट छुटे लगतै पिडक युवा फरार भएपछि आफुहरु बस्दै आएको घरमा युवा पक्षका मानिसहरु घेर्न आएका समेत पीडित पक्षको भनाइ छ । आफ्नी नावालक छोरीलाई विभिन्न प्रलोभन तथा डर त्रास देखाई जबर्जस्ती करणी गरेको हुँदा निजलाई मुलुकी ऐन अपराध संहिता २०७४ को परिच्छेद १८ को दफा २१९ बमोजिम पक्राउ गरी हदैसम्मको कारवाही गरी पाउँ भनी ईलाका प्रहरी कार्यालय लालबन्दीमा जाहेरी दिन गएको भएपनि प्रहरीले कुटपिटको मात्रै मिलापत्र गराएको र जबर्जस्ती करणीको जाहेरी लिएर राखेको भएपनि दर्ता नगरेपछि जाहेरी फिर्ता माग्दा पनि नदिएको पीडित पक्षको भनाई छ । कुटपिटको मिलापत्रमा पनि पिडक युवाले नै पीडित बालिकालाई आफ्नै घरमा लगेर राख्ने र २० वर्ष पूरा भएपछि सामाजिक परम्परा अनुसार विवाह गर्ने सहमति भएको भएपनि पिडक युवा फरार भएपछि आफूहरुले न्याय नपाउने सम्भावना बढेको पीडित परिवारको भनाइ छ । पीडित परिवारका अनुसार ईलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख एवम प्रहरी निरिक्षक हरिबोल केसी पिडक युवा र निवर्तमान वडा अध्यक्ष अधिकारीको चर्को आर्थिक प्रलोभन र राजनीतिक दवावमा परेका कारण आफुहरुको जाहेरी दर्ता नगरेका आरोप लगाएका छन् । पीडित बालिकाकी आमा रीताले आफ्नी छोरीलाई सोध्दा उनले करिव २ वर्ष अगाडी सामाजिक सञ्जाल फेसबुकमार्फत लालबन्दी नगरपालिका १७ का एक युवासंग चिनजान भई साथीको रुपमा बोलचाल गर्दै आएको र पुस ३ गते खाजा खान जाउँ भन्दै मलाई ललाई फकाई लालबन्दी नगरपालिका ६ स्थित रहेको भण्डारी होटल एण्ड गेष्ट हाउसमा लगि जबर्जस्ती करणी गरे भनी बताएकी छन् ।
यसका साथै पिडक युवाले पीडित बालिका काम गर्ने स्थानीय एक फार्मेसीमा गएर सार्वजनिक स्थलमा कुटपिट समेत गर्ने गरेको पीडित बालिकाको भनाई छ । पटक पटक कुटपिट तथा करणी गरीसके पछी 'तैले यी सबै कुरा अरुलाई भनीस भने म तलाई जे पनी गर्न सक्छु' भनी पिडक युवाले धम्की समेत दिएका पीडितको भनाई छ ।
यता, घटनाका विषयमा बुझ्दा ईलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी प्रमुख प्रहरी निरिक्षक केसीले युवाको भविष्यमा दाग लाग्ने भएकाले आफूले कुनैपनि हालतमा जाहेरी दर्ता नगर्ने गैरजिम्मवार जवाफ दिए । पीडितले जबर्जस्ती करणीको जाहेरी ल्याएका भएपनि कुनै मानिसलाई फसाउन नहुने भन्दै आफूले जाहेरी दर्ता नगरेको प्रहरी निरिक्षक केसीले बताए । उनले आफूले कुनै पनि हालतमा जाहेरी दर्ता नगर्ने बरु जिल्ला प्रहरी कार्यालय पठाईदिने समेत बताए । यो घटनाका विषयमा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक दिपेनद्र पञ्जियार थारु र प्रहरी प्रमुख एवम प्रहरी उपरिक्षक प्रवीण धितालालाई समेत जानकारी भएको भएपनि जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट पनि सो जाहेरी दर्ता गराउन कुनै पहल नभएको पाइएको छ ।







# वैष्णवको वार्षिक साधारण सभा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित वैष्णवी बचत तथा ऋण सहकारी संस्थाले १४ औँ वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका उपाध्यक्ष महेश्वर यादवको अध्यक्षतामा भएको कार्यक्रमका राष्ट्रिय सहकारी बैंकका केन्द्रीय सञ्चालक तथा मधेश प्रदेश संयोजक विश्वनाथ मण्डलले केही सहकारी संस्थाको बदनियत वा ठगीका कारण सहकारीहरु बदनाम हुन थालेको बताउँदै त्यस्ता संस्थाप्रति सावधान रहन सबैमा आग्रह गरे । 'सहकारी समाजको उत्थान र आत्मनिर्भर बनाउन सक्षम र योग्य बन्दै गएको छ, यसमा कुनै दुईमत छैन,' मण्डलले भने, 'तर केही सहकारी संस्थाको आफ्नो निजी स्वार्थका कारण उपभोक्तालाई ठग्ने कार्य भइरहेको छ ।' संस्थाका प्रमुख कार्यकारी जयनाथ मण्डलले सहकारी संस्थाको भूमिका र सहकारी संस्थाले सदस्य तथा लक्षित वर्गमा निर्वाहसँगै कामलाई अनुशासित र पारदर्शी तरिकाले अघि बढाइरहेको जानकारी दिए । उनले संस्था मर्म र सिद्धान्तमा रहेर सञ्चालन भइरहेको जानकारी दिए । मण्डलले ९३ करोड रुपैयाँको वार्षिक वातलात प्रस्तुत गरेका थिए । २०६८ सालमा दर्ता भएको संस्थामा १४ हजार ७ सय ९० शेयर सदस्य छन् । तीमध्ये महिला सदस्य ८ हजार ७ सय ५३ जना छन् । धनुषा, महोत्तरी र सिरहा वैष्णवीको कार्यक्षेत्र हो भने वैदेशिक रोजगारीमा जाने युवालाई ऋण ब्याज १३ देखि १५ प्रतिशत, आवाज ऋणमा १२ देखि १६ प्रतिशत, कृषि तथा पशुपालनका लागि ऋण लिनेलाई ८ देखि १२ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ । संस्थाको आर्थिक प्रतिवेदनमा शेयर पूँजी तीन करोड ८७ लाख ३६ हजार रुपैयाँ रहेको बताइएको छ । जगेडाकोष ७९ लाख ६५ हजार रुपैयाँ छ भने कुल निक्षेप ५२ करोड ३७ लाख ७२ हजार रुपैयाँ छ । ६६ करोड ९४ लाख ९४ हजार रुपैयाँ लगानी भएको छ । कार्यक्रममा मत्स्य तथा पशुपक्षी संघका केन्द्रीय उपाध्यक्ष बिमला साह, राष्ट्रिय सहकारी बैंक केन्द्रीय उपसमिति सदस्य संजय साह, राष्ट्रिय सहकारी बैंकका मधेश प्रदेश प्रमुख विष्णु पराजुली, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका प्रतिनिधि राजेन्द्र ढकाल, जनता सहयोगी बचतका रामचन्द्र पंजियारलगायतका वक्ताले मन्तव्य राखेका थिए ।

# 'दलित अधिकारमा दलित अगुवा नै बाधक'

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका उद्योग तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीले दलित अधिकारका लागि दलित अगुवा नै बाधक भएको बताएका छन् । मुक्त हरवाचरवाको न्यायिक पुनःस्थापना हाम्रो सरोकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार भन्ने नाराका साथ आइतबारबाट शुरु भएको जिल्ला हरवाचरवा अधिकार मञ्च पर्साको दोश्रो जिल्ला सम्मेलनको वीरगंजमा उद्घाटन गर्दै प्रदेश राज्यमन्त्री अन्सारीले यस्तो बताएका हुन् । उनले दलितको अधिकार प्राप्तीका सवालमा संघ, प्रदेश, स्थानिय तहसहित तिनै तहका सरकार जिरम्मेवार रहेको बताए । निर्वाचनको समयमा दलित समुदायले आफ्नो अधिकार नबुझ्दा समस्या भएको र दलित अगुवाहरुले तल्लोवर्गका दलितहरुलाई नेताहरुसँग भेटघाटमा समेत बञ्चित लगाउने गरेको उनको भनाइ थियो । उनले आफनो तर्फबाट दलितलाई अधिकार दिलाउन प्रदेश सरकारमा जोडदार माग उठाउने प्रतिबद्धता समेत व्यक्त गरे । जिल्ला हरवाचरवा अधिकार मञ्च पर्साका अध्यक्ष अमर देव रामको अध्यक्षतामा सम्पन्न जिल्ला सम्मेलनमा प्रदेशसभा सदस्य प्रमोद जयसवाल, गैरसरकारी संस्था महासंघका अध्यक्ष छठु साह, दलित अगुवा, नेकपा समाजवादीका विक्रम चौरसिया, लभकुश बैठा लगायतको सहभागिता रहेको थियो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन